**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टंगाल, काठमाडौं**

मिति: २०८१।०५।०६ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरू यामप्रसाद भुसाल, भगवान झा, राजाराम मण्डल, राम स्वार्थ महतो, जित मोहन कुमार दास, रेनु अग्रवाल र श्री ओम सत्यसाई प्राइभेट लिमिटेड रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः

**क). प्रदेश सचिव याम प्रसाद भुसालको हकमा :**

निज प्रतिवादी यामप्रसाद भुसालले साईकल आपूर्तीको ठेक्काको कार्यमा उल्लिखित सम्झौता शर्तहरु बिपरीतका ब्राण्ड नखुलेका कमसल तथा गुणस्तरहिन लेडिज साइकलको आपूर्ति स्वीकार गरी भुक्तानी समेत गरिसकेकोले प्रदेश सरकारलाई प्रति साइकल मुल्य रु.६,४४१ (अक्षरेपी छ हजार चार सय एकचालिस मात्र) को दरले १६,०३८ थान साइकलको कूल रकम रु.१०,३३,००,७५८ (अक्षरेपी दश करोड तेत्तिस लाख सात सय अन्ठाउन्न मात्र) हानी नोक्सानी गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादी याम प्रसाद भुसालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसूर गरी प्रदेश सरकारलाई गैरकानूनी हानी पु-र्याएको देखिएकोले निजलाई बिगो रु.१०,३३,००,७५८। (अक्षरेपी दश करोड तेत्तिस लाख सात सय अन्ठाउन्न मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगोबमोजिम जरीवाना गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो समेत असूल उपर हुन र निज प्रतिवादी याम प्रसाद भुसालले प्रमाणित गरेको भण्डार दाखिला प्रतिवेदन गलत तवरबाट तयार गरिएको गलत लिखत भएको देखिदा संझौता बमोजिमको अम्बिका ब्राण्डको साइकल प्राप्त हुनुपर्नेमा ब्राण्ड नखुलेका साइकल स्वीकार गरी गलत स्टोर दाखिला तयार गरी भुक्तानी समेत भएको देखिएकोले निज प्रतिबादी याम प्रसाद भुसालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ अनुसारको थप कसुर समेत गरेको देखिएको हुँदा निज याम प्रसाद भुसाललाई ऐ.ऐ.को दफा ९ बमोजिम समेत कैद सजाय र जरिवाना हुन;

**ख).सि.डि.ई.भगवान झाको हकमाः**

निज प्रतिवादी प्राविधिकको रुपमा मात्र साइकल खरिद प्रक्रियामा संलग्न भएको भन्ने व्यहोरा उल्लेख गरेको भए तापनि साइकल आपूर्ति भएको प्रत्येक पटक निजले स्वीकृत BOQ अनुसार साइकल प्राप्त भएको र भुक्तानी प्रदान गर्न हुन भनी प्रदेश सचिव याम प्रसाद भुसाललाई सिफारिस गरेको र सोही बमोजिम भुक्तानी समेत भएको कागज प्रमाणहरुबाट देखिंदा निजले आपूर्ति भएका लेडिज साइकलहरु स्वीकृत स्पेसिफिकेशन अनुसार ठिक छ भनी उल्लेख गरेको तर सम्झौता विपरीतका ब्राण्ड उल्लेख नभएका १६,०३८ थान साइकलको परीक्षण नै नभएको अवस्थामा पनि स्वीकृत स्पेसिफिकेशन अनुसार ठिक छ भन्नु निजले गलत मनसायले भुक्तानी दिने प्रयोजनका लागि सिफारिस गरेको समेत देखिईरहेको पाईनाले निज प्रतिवादी भगवान झाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसूर गरेको देखिएकोले निजलाई बिगो

रु.१०,३३,००,७५८। (अक्षेरपी दश करोड तेत्तिस लाख सात सय अन्ठाउन्न मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगोबमोजिम जरीवना गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो समेत असुल उपर हुन र निजले आपूर्तिकर्तासंग खरिद सम्झौता गर्दा आफूलाई प्रत्यायोजित नै नभएको अधिकारको प्रयोग गरेको देखिएकोले निज प्रतिवादी भगवान झाले वदनियतपूर्ण तवरबाट आफूले नपाएको अधिकार पाएँ भनी कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ अनुसार थप कसूर समेत गरेको पुष्टि हुन आएको हुँदा निज सि.डि.ई भगवान झालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिम समेत कैद सजाय र जरिवाना हुन;

**ग).सह-लेखापाल राजाराम मण्डलको हकमाः**

निज प्रतिवादी राजाराम मण्डलले प्रदेश सरकारलाई प्रति साइकल रु.६,४४१ (अक्षेरपी छ हजार चार सय एकचालिस मात्र) को दरले १६,०३८ थान साइकलको कूल रकम रु.१०,३३,००,७५८ (अक्षेरपी दश करोड तेत्तिस लाख सात सय अन्ठाउन्न मात्र) हानी नोक्सानी पुगेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादी राजाराम मण्डलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसूर गरेको देखिएकोले निजलाई विगो रु.१०,३३,००,७५८। (अक्षेरपी दश करोड तेत्तिस लाख सात सय अन्ठाउन्न मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगोबमोजिम जरीवना गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम समेत बिगो असुल उपर हुन;

**घ).भण्डार/जिन्सी शाखा प्रमुख अधिकृत छैंठौं राम स्वार्थ महतोको हकमाः**

निज प्रतिवादी राम स्वार्थ महतो जिन्सी/भण्डार शाखाको प्रमुख भएको तथा तयार गरिएको दाखिला प्रतिवेदनको जाँच गर्ने कार्यमा संलग्न रही गलत लिखत राख्ने कार्य गरेको हुँदा निजले जाँच गरेको भण्डार दाखिला प्रतिवेदन प्रदेश सरकारलाई हानी पु-र्याउने वदनियतसाथ तयार भएको गलत लिखत भएको पाइएकोले निज प्रतिवादी राम स्वार्थ महतोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ अनुसार कसुर गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम कैद सजाय र जरिवाना समेत हुन;

**ङ).भण्डार शाखाका खरिदार जित मोहन कुमार दासको हकमाः**

भण्डार दाखिला गर्दा निज प्रतिवादीले सम्झौता अनुसार अम्बिका कम्पनी तथा ब्राण्डका साइकल हो, होईन यकिन हुनुपर्ने कानूनी ब्यबस्थालाई अनदेखा गरी भण्डार दाखिला प्रतिवेदनमा बदनियतसाथ बोलपत्रमा उल्लेख भएको कम्पनी ब्राण्ड उल्लेख नगरी "लेडिज साइकल" भनी उल्लेख सम्म गरी सो कार्यले प्रदेश सरकारलाई हानी पु-र्याउने वदनियतले गलत लिखत तयार भएको देखिएकोले निज प्रतिवादी जित मोहन कुमार दासले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ अनुसार कसूर गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम कैद सजाय र जरिवाना समेत हुन;

**च). M/S Om Satya Sai Pvt. Ltd. Birgunj, Parsa (ओम सत्य साई प्रा.लि., वीरगंज, पर्सा) र उक्त संस्थाको Managing Director रेनु अग्रवालको हकमाः**

निज प्रतिवादी रेनु अग्रवालले उक्त Om Satya Sai Pvt. Ltd. को मुख्य शेयरधनी तथा प्रवन्ध निर्देशक (Managing Director) को हैसियतले आफूलाई गैरकानुनी लाभ पु-र्याउने बदनियतले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष गरेको सम्झौता, ठेक्का, शर्त पालना नगरेको र निर्धारित शर्त उल्लंघन हुनेगरी कार्य गरी प्रदेश सरकारलाई १६,०३८ थान साइकल वापत भुक्तानी भएको रकम रु.१०,३३,००,७५८।- (अक्षेरपी दश करोड तेत्तीस लाख सात सय अन्ठाउन्न मात्र) हानी नोक्सानी हुने कार्य गरेको हुँदा Om Satya Sai Pvt. Ltd. र उक्त प्रा.लि.का प्रवन्ध निर्देशक रेनु अग्रवालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) अनुसार कसूर गरेको देखिएकोले Om Satya Sai Pvt. Ltd. र रेनु अग्रवालको हकमा बिगो रु.१०,३३,००,७५८। (अक्षेरपी दश करोड तेत्तीस लाख सात सय अन्ठाउन्न मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को सोही दफा ८ को

उपदफा (४) बमोजिम कैद सजाय वा बिगो बमोजिम जरिवाना गरी ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम नै बिगोसमेत जफत हुन

मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८, दफा २९ र दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतको मिति २०८०/१०/११ को फैसलाबाट कुल ७ जना प्रतिवादीहरुमध्ये २ जना प्रतिवादीको हकमा आंशिक दावी पुग्ने तथा अन्य ५ जना प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने गरी निम्न आधारहरुमा फैसला भएको,

क.मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाम, धनुषाको मिति २०७८/१२/२८ को पत्रमा यस कार्यालयमा उपलब्ध फाईल, कागजात, अभिलेख हेर्दा कम्पनी/ब्राण्ड पुष्टि हुने प्रमाणित कागजातहरु देखिएन, सप्लायर्सबाट भुक्तानीका समयमा प्राप्त बिलमा साइकलको ब्राण्ड र स्पेशिफिकेशन उल्लेख भएको पाइएन, केवल लेडिज साइकल भन्ने मात्र उल्लेख भएको देखियो" भन्ने व्यहोराबाट संझौता विपरीत फरक ब्राण्डका साइकल आपूर्ति गरिएको भन्ने पुष्टि भएको; प्रतिवादी राजाराम मण्डल सह-लेखापाल पदमा कार्यरत रहेको, यी प्रतिवादीको साइकल खरिद सम्बन्धी कुनै पनि निर्णय, बोलपत्र, संझौता, खरिद, दाखिला तथा खरिद प्रकृयामा संलग्नता नरहेको,

ख) **प्रतिवादी राम स्वार्थ महतो अ**धिकृत छैटौं तहका कर्मचारी रही निजको जिम्मेवारी भण्डार तथा जिन्सी शाखा प्रमुखको रुपमा रहेको, निजले अधिकार प्राप्त अधिकारी र अदालतमा बयान गर्दा साइकल खरिद सम्बन्धी कुनै पनि निर्णय तथा खरिद प्रकृयामा संलग्नता नरहेको, कुनै पनि गलत लिखत तथा प्रतिवेदन तयार नगरेको र प्रदेश सरकारलाई हानी नोक्सानी पुयाउने कार्य नगरेको भनी आरोपित कसूरमा इन्कार रहेको; सो इन्कारी बयानलाई समर्थन हुने गरी निजका साक्षी भवेश्वर यादवले बकपत्र गरिदिएको,

ग. **प्रतिवादी जितमोहन कुमार दास** खरिदार पदका कर्मचारी रहेको, निजलाई भण्डार शाखामा जिम्मेवारी दिएको, निजले अधिकार प्राप्त अधिकारी र अदालतमा बयान गर्दा सि.डि.इ. भगवान झाले BOQ मा रहेको स्पेसिफिकेसन अनुसार सामान रहेको भनी सिफारिस गरेको, सो टिप्पणीमा कार्यालय प्रमुखले प्राविधिक प्रतिवेदन आइसकेको हुनाले स्टोर दाखिला गर्नु भनी लगाएको तोक आदेश लगाई अनुपालन गर्दै स्टोर दाखिला गर्न लगाईएको हो, माथिल्लो तहबाट बिल अनुसार दाखिला प्रतिवेदन तयार गर्न भने बमोजिम दाखिला प्रतिवेदन तयार गरेको हो। कुनै बदनियत राखेर प्रदेश सरकारलाई हानिनोक्सानी हुने काम गरेको छैन भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको, सो इन्कारी बयानलाई निजका साक्षी नवीन कुमार सिंहले समर्थन हुने गरी बकपत्र गरेको,

घ. सप्लार्यसको ठूलो संख्याको १६,०३८ थान साइकल कुनै ब्राण्ड नखुलेका र संझौताले निर्दिष्ट नगरेका साइकल आपूर्ति गरेको जाँच तथा परीक्षण प्रतिवेदनबाट देखिन आएको। यस तथ्यलाई प्रतिवादीहरु सबैले स्वीकार गरेको पाइन्छ, संजय प्रसाद रौनियारले गरेको मौकाको कागज ब्यहोरामा प्रदेश सचिव याम प्रसाद भुसाल र सि.डि.ई. भगवान झाको सुझावमा अर्को ब्राण्डको साइकलको आपूर्ति गरेको हो भन्ने ब्यहोरा लेखाएको देखिएको, कोभिड-१९ महामारी फैलिएको र फलामको आपूर्तिमा समस्या भै निर्माताहरुले उत्पादन बन्द गरेको एवं यातायात समेत ठप्प रहेको अवस्थामा अम्बीका कम्पनीको निर्धारित स्पेसिफेकेशन बमोजिम साइकल उपलब्ध गराउन नसकेको हो भनी आरोपित कसुरमा इन्कार रहेको, प्रदेश सरकारका प्रमुख जिम्मेवार पदाधिकारीले त्यसलाई इन्कार नगरी जेजस्ता साइकल आपूर्ति गरेको भए पनि स्वीकार गरी साइकल बुझिलिने र स्टोर दाखिला गरी सबै साइकल वितरण समेत गरेको देखिन्छ, खरिदकर्तालाई लिखित रुपमा पूर्व जानकारी गराइ फरक प्रकृतिका साइकल उपलब्ध गराएकोमा त्यस्तो फरक आपूर्तिमा कुनै विमति नजनाई सोलाई

स्वीकार गर्ने पक्षले नै पूर्ण जिम्मेवारी लिनुपर्ने हुन्छ, संझौताको प्रथम पक्ष खरिदकर्ताले दोस्रो पक्ष आपूर्तिकर्ताले संझौता विपरित सामान आपूर्ति गरेको अवस्थामा सो समान अस्वीकार गर्ने संझौताका शर्तहरु संशोधन गर्ने र गुणस्तरीय समानको प्रत्याभूति दिने सम्पूर्ण कार्यको दायित्व प्रथम पक्ष उपर नै रहेको हुन्छ।

ङ बिभिन्न साईकल दाखिला प्रतिवेदन प्रमाणित गर्ने प्रदेश सचिव प्रतिवादी याम प्रसाद भुसाल रहेको, त्यस्तै दाखिला प्रतिवेदन नं. ६ मिति २०७८/२/१८ गते, दाखिला प्रतिवेदन नं. ३७१ मिति २०७८/३/३० गते दाखिला प्रतिवेदन नं. ३७२ मिति २०७८/३/३० मा दाखिला प्रतिवेदनमा दाखिला प्रतिवेदन तयार गर्ने जित मोहन कुमार दास, जाँच गर्ने राम स्वार्थ महतो र प्रमाणित गर्ने प्रदेश सचिव याम प्रसाद भुसाल रहेको, यसबाट निज प्रतिवादीले भूलचुकबाट ब्राण्ड फरक परेको जानकारी भएन भनी प्रतिवाद गर्ने आधार समेत देखिन नआइ जानीबुझी फरक ब्राण्डको साइकल स्वीकार गरेको पुष्टि हुन आएको, खरिद गरिएका साइकलको बिल भुक्तानी हुन भनी सि.डि.ई. भगवान झाले सिफारिस सहितको टिप्पणी पेस गरेकोमा निज प्रदेश सचिव याम प्रसाद भुसालले मिति २०७८ ।०३।३० गते स्टोर शाखालाई संलग्न निवेदन र प्राविधिक प्रतिवेदन समेतका आधारमा साइकल दाखिला गरी भुक्तानीका लागि पेस गर्ने भन्ने बेहोरा उल्लेख गरेको प्रमाणबाट पुष्टि भएको, प्रस्तुत खरिद कार्यमा सहप्रतिवादी सि.डि.ई. भगवान झाले बदनियतपूर्वक फरक खालको साइकल आपूर्ति भएको तथ्य लुकाइ संझौता अनुरुपकै साइकल आपूर्ति भएको भनी झुट्टा ब्यहोरा उल्लेख गरी पेस गरेको टिप्पणी अनुसार प्राप्त मालवस्तु के कस्तो हो भनी कुनै चेकजाँच नगरी स्टोर दाखिला गर्न र बिल भुक्तानी गर्नु भनी निज सचिवबाट टिप्पणी सदर गर्नु अन्जानमा भएको सामान्य त्रुटि मात्र सकिदैन, यसवाट यी दुवैजना प्रतिवादीहरुको बदनियत पुष्टि हुन्छ, अधिकारप्राप्त अधिकारीबाट हमेसा कानूनसङ्गत र व्यवसायिक हिसावले सही निर्णय गर्नुपर्ने आम अपेक्षा गरिएको हुन्छ, प्रस्तुत मुद्दामा प्रतिवादी याम प्रसाद भुसालले आफैले साइकल उत्पादन स्थल भारतको लुधियानासम्म पुगेर सही ब्राण्डको साइकल खरिद गरिएको निश्कर्षमा पुगिसकेर पनि उपलब्ध गराइएका साइकल आफूले निरीक्षण र अवलोकन गरे बमोजिमकै ब्राण्डका प्राप्त भए वा भएनन् भन्नेसम्म पनि जाँचबुझ गरिएन भन्नु करोडौं मूल्यको सरकारी रकम लगानीप्रति निजको उदासिनता र उच्च लापरवाही मात्र नभइ बदनियतपूर्ण कार्य हो भन्ने निस्कर्षमा पुग्न सकिन्छ, संझौता अनुरुप साइकलको चलानी पूर्व र पश्चात निरीक्षण गर्नका लागि यी प्रतिवादी याम प्रसाद भुसालको संयोजकत्वमा Inspection टोली गठन भएको देखिन्छ, सो टोलीका सदस्यमा निज प्रतिवादी सि.डि.ई. भगवान झा पनि रहेको देखिन्छ, सो टोलीले Factory को साईकल उत्पादन स्थलगत अध्ययन गर्न भारतको लुधियानामा गइ Pre-shipment Inspection गरेको, सो पश्चात निरीक्षण प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय जनकपुरमा पेस गरेको देखिन्छ, सो निरीक्षण प्रतिवेदनमा "साइकल हेर्दा आकर्षक रहेको, हुनु पर्ने आवश्यक सम्पूर्ण सामाग्रीहरु जडान भएको, भौतिक परीक्षण नाप जाँच सहित निरीक्षण गरेको भन्ने समेत ब्यहोरा उल्लेख भएको पाइन्छ, यसरी करार संझौता गरेको आपूर्तिकर्ताले खरिद गर्ने भनी तोकिएको ब्राण्डको साइकलको Manufacturing कारखानामा गई यी प्रतिवादीहरूले निरीक्षण समेत गरेको देखिन्छ, तर आपूर्ति गरिएका साइकल जम्मा १,२०० थान मात्र उक्त निरीक्षण प्रतिवेदन र संझौता बमोजिमका भएका र ठूलो संख्याको १६,०३८ साइकल आपूर्ति चाहीं बिना ब्राण्डका गरिएको देखिन्छ, त्यसैलाई संझौताका प्रथम पक्ष समेत रहेका प्रतिवादीले स्वीकार गरेको पाइन्छ, त्यसरी संझौता र Pre-shipment inspection का क्रममा निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिमका साइकल आपूर्ति भए नभएको चेक जाँच गर्ने दायित्व समेत निजै

प्रतिवादीहरुको रहेकोमा विवाद हुन सक्तैन, आपूर्तिकर्ताले संझौता बमोजिमका साइकलहरु उपलब्ध गराएको छ वा छैन भन्ने विषयमा यी प्रतिवादीहरुले आयोजनाको अनुगमन, सुपरिवेक्षण लगायतका दायित्व पुरा गर्नु पर्ने समेत जिम्मेवारी निजै उपर रहेकोमा पनि विवाद छैन, तर निज प्रतिवादीहरुले सो दायित्व र जिम्मेवारी गम्भीरताकासाथ पुरा गरेको देखिंदैन, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६ अनुसार सार्वजनिक खरिद गर्ने प्रयोजनका लागि खरिद महाशाखा, शाखा वा ईकाई स्थापना गरी खरिद प्रकृया अघि बढाउनुपर्ने व्यवस्था रहेको पाइन्छ, प्रस्तुत खरिद कार्यमा उक्त बमोजिमको प्रकृया अवलम्बन गरेको समेत देखिदैन, माथि उल्लेख गरिए झैं आपूर्तिकर्ताले संझौता भन्दा फरक ब्राण्डको साइकल उपलब्ध गराउन आवश्यकता उल्लेख गरी निवेदन कार्यालयमा दर्ता गरेको भनिएकोमा सो पश्चात कानून बमोजिम दुबै पक्षको सहमतिमा सोको निकासा दिनु पर्ने दायित्व पनि संझौताका प्रथम पक्ष प्रतिवादीहरुमा रहेकोमा सो भए गरेको पनि देखिन आँउदैन, अतः यसबाट सप्लार्यसले जे जस्तो ब्राण्डका साइकल आपूर्ति गरेको भएपनि निज प्रतिवादीले मौन स्वीकृति दिएको भन्ने देखिन्छ, यदि मौन स्वीकृत नदिएको भए आपूर्तिकर्ताले अम्बीका ब्राण्डभन्दा फरक रहेको ठूलो संख्याको १६,०३८ थान लेडिज साइकल उपलब्ध गराउँदा समयमा नै अनुगमन तथा रोकछेक गर्नु पर्नेमा सो गरेको मिसिलबाट देखिएन, यस्तो कार्यलाई मान्यता दिइनु प्रतिवादीहरुको बदनियतपूर्ण मनसाय नै हो भन्ने पुष्टि भएको लगायतका आधारमा प्रतिवादीहरुले आरोपित कसूरबाट आंशिक सफाइ पाउने भनी सफाई दिएकोमा आयोगबाट देहायका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१/०५/०६ गते पुनारावेदन गरिएको छ।

**देहायः**

क) प्रस्तुत मुद्दामा OCMCS२/NCB/GOODS/०७७/०७८-०१ को ठेक्का मार्फत लेडिज साईकल खरिद गर्न ठेक्का आव्हान गरिएकोमा सार्वजनिक खरिद ऐन, २०६३ र ऐ नियमावली, २०६४ तथा सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को निर्देशिका उक्त सेवा खरिद गर्दा सवै पक्षले अक्षरशः पालना गर्नु अनिवार्य शर्त हो, मिसिल संलग्न खर्च गर्ने अख्तियारीनामा शर्त हेर्दा, **प्रदेश सचिव (सह-सचिव) याम प्रसाद भुसालको** नाउँमा प्राप्त भएको भन्ने खुल्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, जनकपुरधाम धनुषाको मिति २०६६/०९/०५ गतेको पत्र मार्फत आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११५ को उपनियम (२) अनुसार तत्कालीन राजपत्रांकित प्रथम श्रेणीका कार्यलय प्रमुखलाई नै तोकि आर्थिक प्रशासन संचालन गर्ने सम्पूर्ण कार्यहरुको तथा त्यस कार्यालय अन्तर्गत संचालित योजना/कार्यक्रम कार्यान्वयन गर्ने गराउने समेतका अधिकार प्रत्यायोजन एवं कार्य जिम्मेवारी दिईएको अवस्था पाईन्छ, यसरी प्राप्त प्रशासनिक अधिकारलाई निज प्रदेश सचिव याम प्रसाद भुसालले कोही कसैलाई आर्थिक/प्रशासनिक अधिकार प्रत्यायोजन गरी कार्य संचालन गर्ने गरेको भन्ने विषयमा अनुसन्धानका क्रममा तथा अदालतमा बयान गर्दा पनि सो अधिकार कसैलाई लिखित रुपमा प्रत्यायोजन गरेको भनी भन्न देखाउन सकेको नदेखिंदा यस स्थितिमा आरोपदावी बमोजिमको कसूर र बिगो हानिनोक्सानीमा निजको बदनियतपूर्ण कार्य स्वतः स्थापित भएको।

ख) ठेक्का आव्हानको कार्य अन्तर्गतका टेण्डर डकुमेन्ट सहित टेण्डर स्वीकृत र सम्झौता मिति 2077/08/24 (तदनुसार Dec. 09, 2020 AD) मा सम्झौता भई सोही कागज बमोजिम सरकारी कार्यालयमा प्रशासनिक र आर्थिक प्रशासन चलाएको, सरकारी कार्यालयले सेवा खरिद गर्दा अनिवार्य तवरवाट तोकिएका शर्त कानूनको अधिनमा रहि ठेक्का वा टेण्डरको कार्य सम्पादन गर्नु अनिवार्य हुन्छ, तोकिएका शर्त, स्पेसिफिकेशन (Specification), गुणस्तर

(Quality),कार्य सम्पादनको समयावधि, सेवाको प्राप्ति, संख्या (Quality) लगायतका तथा Tender/Agreement Document ले खुलाएका र भनेका विषयमा तत् तत् योग्यता प्राप्त र छनौट भएका आपूर्तीकर्ता मार्फत वस्तु/सेवा मात्र खरिद गर्नु पर्ने हुन्छ, उत्पादनकर्ता कम्पनी पंन्जाव स्थित अम्बिका कम्पनिको Field Visit गरी कम्पनीको Pre-shipment निरीक्षण भ्रमण सम्पन्न गरी Complete let of Ladies cycle को भौतिक परीक्षण भई १ सेट साईकल Approved sample of one set of ladies bicycle सुरक्षित गरी Post inspection का लागि Inspection Team ले Sample ल्याएको देखिन्छ, सो टोलीले उक्त साईकल स्पेसिफिकेशन अनुसारको भएकोले Shipment गर्न अनुमति प्रदान गरिएको भन्ने उक्त प्रतिवेदनबाट देखिन्छ, Tender Document मा उल्लेखित साईकल पनि सोही बमोजिम भएको अवस्था छ, उक्त अम्बिका (Ambika) स्टिकर सहितको साईकलको जाँच गरेको इन्जिनियरिङ अध्ययन संस्थान थापाथली क्याम्पसका ई.लक्ष्मण पलिखेल, अर्का मेकानिकल ईन्जिनियर दिपक प्रसाद खतिवडाले परीक्षण गरेको अम्बिका साईकलको प्रतिवेदनमा जे जो गुणस्तर अवस्था छ 1,200 थान साईकल सोहि अम्बिका ब्राण्डका साईकलमा गुणस्तर रहेको भन्ने बुझिन्छ, अन्य बाँकि 16,038 थान साईकल Ladies Cycle मा अम्बिकाको स्टिकर नभएको, कमजोर, गुणस्तरहिन रही स्वीकृत Sample (approved) बमोजिम नभएको भन्ने अनुसन्धानको प्रतिवेदनबाट खुलेको र अदालतको बयानबाट पनि सोही तथ्य समर्थित भएकोले आपूर्तिकर्तालाई **M/S Om Satya Sai Pvt. Ltd .ले** आपूर्ति गरेको 1,200 साईकल अलावा यस साईकलको हकमा सम्झौता वमोजिम र स्वीकृत Sample भन्दा कम गुणस्तरको साईकल ल्याईएको तथा आपूर्ति भएकोमा विवाद देखिएन, यसर्थ मिसिल सलंग्न सबूद प्रमाणबाट आरोपपत्रको विरुद्ध खण्डका प्रतिवादीहरुको विभिन्न भूमिका र कार्यबाट प्रतिवादीहरुलाई गैरकानूनी लाभ र प्रदेश सरकारलाई गैरकानूनी हानी नोक्सानी पुगेको तथ्य तर्फ विश्लेषण नगरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ग) खरिदको स्वीकृत स्पेसिफिकेशन भन्दा बाहिर गई मनपरी तवरले खरिद गर्न तथा समान आपूर्ति गर्न मिल्दैन, जे जो प्रकृतिको वस्तु चाहिने हो सोही वस्तु मात्र लिने वा स्वीकार गर्ने हो, गलत र गुणस्तरहीन वस्तु कार्यालयका लागि आर्थिक रुपमा बोझ बनाई सामान थुपार्ने, सरकारलाई आर्थिक बोझ बनाई विना उपयोगिता र गुणस्तरहीन वस्तु (साईकल) बितरण गरी प्रतिवादीहरुले एक आपसमा मिलेमतो गरी गैर कानूनी लाभ प्राप्तीका लागि सरकारी सम्पत्तिको दुरुपयोग गरेको तथ्य पुष्टि भएको, कानूनी प्रवन्धको ठाडो उल्लंघन गरी ठेक्का प्रक्रिया अगाडि बढाउने र सरकारी सम्पत्ति हानी नोक्सानीमा सरकारको करिव रु.१० करोड रकम बराबरको ठूलो धन अनाहकमा खर्च गर्न प्रतिवादीहरु उद्यत रहेको पुष्टि हुन्छ, यी र यस्तै प्रवृत्ति, गैर कानूनी कार्य रोक्न र भ्रष्टाचारजन्य कार्य निवारण गर्न भ्रष्टाचार निवारण ऐन, २०५९ को कानूनी प्रवन्ध भएको तर्फ विशेष अदालतले सबुद प्रमाणको व्यख्या विश्लेषण नगरी फैसला गरेको देखिएकोले सो फैसला बदरभागी रहेको।

घ) प्रस्तुत मुद्दाका सम्बन्धमा के कति कुन सेवा/आपूर्तिका साईकलमा गुणस्तर कायम भएन भन्ने तर्फ हेर्दा सुरुका १,२०० साईकलमा Ambika स्टिकर सहितको उपलब्ध गराईएको, Lydies Cycle वाहेक अन्य बाँकि सबै १६,०३८ थान साईकल कम गुणस्तर र अम्बिका साईकल नरहेको भन्ने देखिन आएको, स्वयं आपूर्तिकर्ता M/S Om Satya Sai Pvt. Ltd . का प्रवन्धक निर्देशक रेनु अग्रवालका तर्फवाट उपस्थित संजय प्रसाई रौनियारले १६,०३८ थान साईकल वेल एक्जिम प्रा.लि. बाट उत्पादित स्थानीय बजारबाट खरिद गरी ल्याईएको तथा प्रतिवादीहरु याम प्रसाद भुसाल र भगबान झाको मौखिक आदेशमा साईकल ब्राण्ड खुल्ने लोगो ट्याग नलगाईएको हो, सम्पुर्ण साईकल तोकेको समयमा आपूर्ति गर्न नसकेको हुनाले अन्य कम्पनीका साईकल आपूर्ति गरिएको हो भनी ततिम्बा बयानमा कसुरजन्यकार्य स्वीकार भई ब्यहोराहरू आपूर्तीकर्ताले नै खुलाईएक र प्राबिधिक (मेकानिकल)

ईन्जिनियर दिपक प्रसाद देबकोटाको बकपत्र समेतबाट सो १६,०३८ थान साईकल अम्बिका ब्राण्ड नभई अरु नै गुणस्तरहीन साईकल भएको तथ्य प्रमाणित भएको स्थितिमा गुणस्तरहीन साईकल आपूर्ति गर्ने र ती गुणस्तरहीन साईकल स्वीकार गर्ने कार्य स्वत भ्रष्टाचारजन्य अपराध भएको स्पष्ट हुन आएको अवस्था देखिएको छ, बिशेष अदालतबाट यी तथ्यलाई न्यायोचित विवेचना नै नभएको।

ङ) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) मा सरकारी वा सार्वजनिक संस्थालाई गैरकानूनी हानी पु-र्याउने बदनियतले सो दफामा उल्लेखित कुनै कार्य गरी कसूर गरेको भए कसूरको मात्रा अनुसार कैद र विगो खुलेकोमा विगो वमोजिम जरिवाना गरी विगो असुल उपर गरिनुपर्ने कानूनी व्यवस्था गरेको, साथै ऐ. ऐनको दफा ८ (१) को देहाय (ञ) मा "माल सामान खरिद गर्दा गुणस्तरहीन, म्याद नाघेका अस्वभाविक रुपमा बढी मूल्य तिरी खरिद गर्ने गराउने " भन्ने कसूर गरे उपर ऐ. दफा ८ (१) अन्तर्गत सजाय हुने उल्लेख भएको र सो कानूनमा स्पष्ट तवरले सामान खरिद हुँदाको अवस्था, नोक्सानीको परिणाम(consequence)लाई संकेत गरेको, कसै गरिकन राज्य वा संस्थालाई नोक्सानी हुने तवरबाट वस्तु वा सेवा खरिद गरेको पाइएमा उक्त ऐनको दफा ८ (१) (ञ) आकर्षित हुने भन्ने प्रष्ट व्यवस्था रहेको, त्यस्ता गुणस्तरहीन/ बेकम्मा रहेको सामान आपूर्ति गर्ने गराउने कार्यमा घाटा र नोक्सान पारेको सामान/ वस्तु /सेवा वरावरको बिगो स्वत: कायम हुने भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र ८ मा स्पष्ट रहेको, मापदण्डमा नपरेका प्राप्तीमा आएका गुणस्तरहीन साईकल संख्या १६,०३८ थान रहेकोले कुल रु.१०,३३,००,७५८/- बराबरको नोक्सानी पारेको छ भन्ने खुली रहेबाट सोही अंक विगो कायम गरीएको हो, यस खाले वदनियत लिई गैरकानूनी कार्यमा संलग्न प्रतिवादीहरुले गरेको कसूरमा सजाय तत्-तत् कानून बमोजिम गरी पाउन मागदावी लिई प्रस्तुत अभियोग पत्र पेश गरेको बिषय सन्दर्भ र सबूद प्रमाण तर्फ बिशेष अदालतले नजर अन्दाज गरेको देखिएको।

च) सम्मानित विशेष अदालतले प्रतिवादीहरु याम प्रसाद भुसाल र भगवान झालाई कसूरदार ठह-याएर पनि दावीको विगोको हकमा खरिद भएका साईकल र सम्झौतामा उल्लेखित ब्रण्डका साईकल तुलनात्मक मूल्य नै नखुलाई आरोपदावी मात्र लिएको देखिंदा हानी नोक्सानीको यथार्थ विगो यकिन गर्न नसकिएको स्थितिमा विगो तर्फको दावी पुग्न सक्दैन भन्ने मिति २०८०/१०/११ को फैसला सो हदमा त्रूटिपुर्ण रहेको, त्यही फैसलाको हदमा उक्त फैसला वदरभागी भई आरोपपत्र माग दावी बमोजिम यी दुबै प्रतिवादीहरु लगायत अन्य प्रतिवादीहरुलाई समेत दावी वमोजिम नै हानिनोक्सानीको विगो कायम गरिनुपर्ने देखिएको, सरकारी कार्यालयमा सामान खरिद गर्दा खरिद गुरुयोजना वनाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अन्तर्गत रही कार्य गर्नुपर्नेमा सो अनुशरण नगरिएको साथै ऐ. नियमावलीको नियम ११ उपनियम (२) ले व्यवस्था गरेको विभिन्न लागत तयार गर्ने आधारहरुलाई अवलम्बन समेत नगरी लागत/दररेट कायम गरी सरकारी कोषलाई बेकम्मा तवरले खर्च गराई सरकारलाई हानी नोक्सानी र गैर सरकारी पक्ष प्रतिवादीहरुलाई प्रत्यक्ष अप्रत्यक्ष फाईदा गराउने मनसाय रहेको,

ठेक्का मार्फत् आएको सामानको हरेक लागत तथा Brand (ब्राण्ड, मार्का) र बिल सहित Specification अनुसारको Complete set of Ladies Cycle को सिल सेटको साईकल Approved Sample of one set of ladies bicycle बमोजिम Pre-shipment को स्वीकृत भए बमोजिमको सामान (साईकल) रहे नरहेको भन्ने Techecian Mechanical Engineer लाई जाँच गर्न लगाउनु र सम्झौता सर्त अनुसार ठीक दुरुस्त छ भन्ने भएपछि मात्र सो Delivery आपूर्ति/सामान स्वीकार गर्नु पर्नेमा १ (एक) पटक मात्र निरीक्षण गर्न लगाईएको तथा साइकल स्टोर गरेको ठाउँमा नलगी केबल Sample ल्याई जाँच गराएको

भन्ने मेकानिकल ईन्जिनियर रामानन्द प्रसाद साहको बयानबाट खुलेक, यसरी कानूनको जुन जे बिधि पुर्याउनु पर्ने हो सो कार्य छल्ने र गैर कानूनी लाभका लागि प्रतिवादीहरूहरुमा गलत नियत रहेको स्पष्ट हुँदा हुँदै ति तथ्य सबूद प्रमाण र प्रतिवादीहरुको बदनियतपूर्ण कार्यको मूल्यांकन नगरी फैसला भएको।

छ) ठेक्कामा १,२०० थान साईकल अम्विका ब्राण्ड रहेको बाँकी १६,०३८ थान साईकल ब्राण्ड नखुलेका अम्बिका ब्राण्ड बाहेकको साईकल आपूर्ति भएको र बितरण भएको भनी मेकानिकल ईन्जिनियर रामानन्द प्रसाद साह स्वयंले खुलाई दिएको समेत, आपूर्ति हुदाँका बखत हरेक खेप/लट साईकल जाँच गराउनु पर्नेमा गैरकानूनी लाभ लिए पाएको कारण सो कार्य निज जिम्मेवार पदमा रहेका कर्मचारीहरु कसैले पनि आवश्यक नठानेको र गुणस्तरहीन साईकल दाखिला गराउन सक्रिय भएको, गुणस्तरहीन साईकल आपूर्ति स्वीकार भई गैरकानूनी लाभ लिए पाएको कारण सो साईकलको भुक्तानी दिंदै गई रहेको भुक्तानीको बिबरणबाटै प्रष्ट देखिंदा देखिंदै ति गम्भिर कसूरजन्य कार्यलाई बिशेष अदालतबाट गम्भिरतापूर्वक व्यख्या विश्लेषण भएको नदेखिंएको।

ज) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, साविक प्रदेश नं. २ जनकपुरधाम धनुषामा कार्यरत तत्कालीन कर्मचारीहरू जित मोहन कुमार दास समेत भई भण्डार/जिन्सी शाखामा कार्यरत रहँदा आपूर्ति भएका साइकल स्वीकृत स्पेसिफिकेशन बमोजिम ठिक छ भनी जाँच गरी प्राविधिक प्रतिवेदन तयार गरेपछि अख्तियार प्राप्त अधिकारीको आदेशमा भण्डार दाखिला गर्ने र दाखिला प्रतिवेदन तयार गर्नुपर्ने जिम्मेवारी रहेको, अनुसन्धानको क्रममा प्राप्त विवरणहरुबाट विभिन्न ८ लटमा जम्मा १७,२३८ थान साइकल आपूर्ति भएको, प्रत्येक लटमा प्राप्त साइकलको स्वीकृत स्पेसिफिकेशन बमोजिम रहे-नरहेको बारे अधिकार प्राप्त अधिकारीले जाँच नै नगरी भण्डार दाखिला गरेको, जम्मा एक थान साइकल मात्रको प्राविधिक प्रतिवेदन तयार गरेको, मिति २०७८।०१।१४ (तदनुसार २७।०४।२०२१) गते ६०० थान र मिति २०७८।०१।२२ (तदनुसार ०५।०५।२०२१) गते ६०० थान गरी जम्मा १,२०० थान मात्र अम्विका कम्पनी/व्राण्डको साइकल नेपाल भित्र्याएको भन्सार विभागको अभिलेखमा पाईएकोमा सो भन्दा पछाडी मिति २०७८।०२।१८ मा दुई पटक र मिति २०७८।०३।३० मा दुई पटक दाखिला प्रतिवेदन निज जित मोहन दासले तयार गरेको देखिएको जुन सम्झौतामा उल्लेख भएको अम्विका व्राण्ड नभई ब्राण्ड नखुलेका साइकल रहेका अबस्था भएबाट नक्कली ब्यहोराको प्रतिवेदन भएको प्रष्ट देखिएको व्यहोरालाई अनदेखागरी भएको फैसला त्रुटिपूर्ण रहेको।

झ) जिन्सी तथा भण्डारण शाखामा कार्यरत पदाधिकारीहरुका काम, कर्तव्य र जिम्मेवारी हेर्दा, खरिद गरिने सेवा सामानको खरिद प्रक्रिया मिलाउने, आपूर्ति हुने सामान सबै प्राप्त गर्ने र आपूर्ति गरेका सामान तोकिएको वा Specification बमोजिमको सवै वस्तु हो होईन यकिन गरी सामान जिम्मा लिई सहि र ठिक सामानको विल भर्पाई सवुद प्रमाण सहित सम्बन्धित प्राविधिकको जाँच पड्ताल भई प्राप्त सामान दुरुस्त /ठिक सामान भएको Certificate चाहिने भए सो समेत साथै प्राप्त गरी नियमानुसार जिन्सी दाखिला प्रतिवेदन तयार गरी सामान प्राप्ती (ठेक्का) को कार्यलाई सही र उपयोगी ढंगले खपत गर्ने, आदेश वमोजिम वितरण प्रणाली कार्यमा सहयोग गर्ने सम्म रहेको, कार्यालय प्रमुखले केवल तोक आदेश भएको भरमा गुणस्तरहीन सामान स्वीकार गर्ने र नाउँ मात्रको दाखिला प्रतिवेदन तयार गर्ने जिम्मेवार विहीन जवाफ दिएर पदमा रहने कार्य गर्नु Job Describtion( कार्य बिबरण) अन्तर्गत को कार्य भन्न सकिदैन, प्रस्तुत मुद्दामा ईन्जिनियरबाट साईकलको गुणस्तरको जाँच पडताल नभएको, ब्राण्ड विहिन (Brandless) साईकललाई जिन्सी दाखिला गर्ने दाखिला प्रतिवेदन बनाउने प्रतिवादीहरु रामस्वार्थ महतो र जित मोहन

कुमार दासको कार्य बदनियत पूर्ण देखिएको, सोही गलत कार्य भएकोले नै प्रदेश नं २ सरकारलाई नोक्सानी गर्ने तवरबाट गुणस्तरहीन साईकल खरिदमा संलग्न सहअभियुक्तको भूमिकामा रहेका यी दुवै भण्डारण शाखाका कर्मचारीहरुको वदनियत भनेकै कानून वमोजिम जिम्मेवारीको कार्य सम्पादन नगरी गुणस्तरहीन साईकलको पनि गैरकानूनी लाभ र स्वार्थमा परी स्पेसिफिकेशनमा तोकिएको मापदण्डको साईकल सरह मानी जिन्सी दाखिला प्रतिवेदन तयार गर्नु वदनियत भएको स्वतः प्रष्ट भएको, आफनो कार्य अधिकार नभएका तत्कालीन जलस्रोत तथा सिंचाई विकास विभाग, जनकपुरधाम, धनुषाका प्रमुख सि.डि.ई भगवान झाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसूर गरेको स्पष्ट देखिएको छ, निज भगवान झाले आफूलाई मौखिक आदेश मात्र दिई टेण्डर सम्बन्धी कार्य गर्न खटाएको सम्म हो भनि वयानमा खुलाई दिएको पाईन्छ, प्रतिवादी भगबान झाले निज आफूलाई काज सरुवा गरी जिम्मेवारी नदिईएको भन्ने कागजात देखाउन नसकेको, तथापी निज मुख्यमन्त्रीको कार्यालयमा रही मिति २०७७/०८/२४ मा ठेक्का सम्झौता समेतको कार्य गरेको हुँदा ऐ. ऐनको दफा १५ मा ब्यबस्था भए बमोजिम नपाएको ओहदा पाएँ भन्नेलाई सजाय हुने कानून अनुसार निज प्रतिवादीलाई सजाय हुन मागदाबी लिईएको अबस्थामा निज प्रतिवादीले अन्यथा लिखित अधिकार प्रत्यायोजन र खटाएको पत्र देखाउन नसकेको अवस्थामा निज प्रतिवादीले ऐ. ऐनको दफा १५ को कसूर गरेको सबूद प्रमाणबाट प्रमाणित भएको स्थितिमा कसूर अपराध प्रमाणद्वारा पुष्टि नभएको भन्ने विशेष अदालतको मिति २०८०/१०/११ को फैसला सो हदसम्म त्रुटिपूर्ण रहेकोले सो त्रुटिपूर्ण फैसला वदरभागी रहेको।

ञ) सि.डि.ई. भगवान झाले अवैध तवरले ठेक्का सम्झौता गरेको एकातिर देखिन्छ भने सोही ठेक्कामा गुणस्तरहीन सामान-साईकल ल्याउने सप्लायर्सलाई भुक्तानी गर्न तोक लगाउने र भुक्तानी गर्ने कार्य स्वयं सह-सचिव तथा प्रदेश सचिव निज प्रतिवादी याम प्रसाद भुसालले गरेको देखिएको, ठेक्काको टेण्डरमा रहेको Specification अनुसारको साईकल र विल नभएको र सार्वजनिक खरिद ऐन, २०६३,एवं नियमावली, २०६४ वमोजिमको विधि नपु-याएको देख्दा देख्दै भुक्तानी दिने सह-लेखापाल राजाराम मण्डल,जिन्सी भण्डारण शाखाका प्रमुख भई नक्कली गुणस्तरहीन साईकललाई सम्झौताको शर्त वमोजिमका साईकल रहेको भनी दाखिला प्रतिवेदन जाँच गर्ने कार्यमा संलग्न अधिकृत छैठौ रामस्वार्थ महतो र सोही भण्डारण शाखाका खरिदार जित मोहन कुमार दासको संलग्नतामा तोकिएको अम्बिका साईकल बाहेकको गुणस्तरहीन, Brand नभएका Ladies Bicycle स्वीकार गरी प्रदेश सरकारलाई हानी नोक्सानी पुर्‍याउने काम भएको प्रष्ट देखिएको, यस कार्यमा निज प्रतिवादीहरुले आ-आफ्नो तर्फवाट वदनियतपूर्ण कार्य सम्पादन गरेको पाईंदा सोही गलत, गैरकानूनी कार्य सम्पादनद्वारा नै भ्रष्टाचारको वदनियत सहित कार्य गरेको भन्ने तथ्यगत रुपमा माथी उल्लेखित वुंदाहरूबाट प्रमाणित भई भ्रष्टाचारजन्य कसूर भएको पुष्टि भएको अवस्थामा पनि निज प्रतिवादीहरुलाई अभियोग दावी वमोजिम कसूरदार एवं सजाय नठहर्‍याई भएको सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।

ट) प्रतिवादी <u>यामप्रसाद भुसाल</u> समेतले जानिजानी गुणस्तरहीन, अम्बिका ब्राण्ड नभएकालाई पनि गुणस्तरको साईकल भए सरहको कागजात बनाई बनाउन लगाई ठेक्काको बिल स्वीकार गरेको हुँदा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९ बमोजिम गलत लिखत तयार गर्ने राष्ट्र सेवकलाई हुने सजाय अन्तर्गतको दाबी लिएको अबस्था हुनाले सो जिकिर स्वभाबिक र कानून सम्मत भएको तथा यसमा आरोपदाबीहरू मिसिल संलग्न कागजात एवं सबूद प्रमाणबाट पुष्टि हुने हुँदा तत्-तत् सम्बन्धी दावी नपुग्ने भन्ने विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेको।

ठ) प्रतिवादी भगवान झाले अभियोग मागदावीको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१)(ञ) को कसूर गरेको ठहऱ्याई सकेपछि विगो रु.१०,३३,००,७५८/- (measurement) द्वारा के कति मूल्यमा फरक पर्ने हो सो कुराको तुलनात्मक तालिका देखाई सो अनुसारको हुने फरक मूल्याङ्कन यकिन गरी दावी पेश नभएको भन्ने कथित आत्मनिष्ठ कारण जनाई विगो कायम नभएको जस्तो काल्पनिक,असंगत व्याख्या गरी केवल तीन महिना कैद र रु.१०,०००।— जरिवाना हुने ठहर भई विगो तर्फको आरोपदावी नपुग्ने र ऐ. ऐनको दफा १५ को आरोपदावी समेत नपुग्ने भनी गरेको फैसला त्रुटिपूर्ण रहेको हुनाले दावी नपुग्ने भनी भएको फैसला सो हदमा बदरभागी रहेकोले सो बदरगरी अभियोग मागदावी वमोजिम निज प्रतिवादी भगवान झा समेतलाई आरोपपत्र मागदावी वमोजिमको कसूर ठहर गरी सजाय हुनु पर्ने र विगो ठहर गरिनु पर्ने देखिएको, साथै अर्का प्रतिवादी याम प्रसाद भुसालले अभियोग मागदावीको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ञ) को कसूर गरेको ठहर भएपछि विगो रु.१०,३३,००,७५८/- खुलि रहेको अबस्थामा समेत साईकलमा देखा परेको गुणस्तरहीनको माप (measurement) द्वारा के कति मूल्यमा फरक पर्ने हो सो कुराको तुलनात्मक तालिका देखाई सो अनुसारको हुने फरक मूल्याङ्कन यकिन गरी दावी पेश नभएको भन्ने कारण जनाई विगो कायम नभएको भन्ने व्याख्या गरी केवल तीन महिना कैद र रु.१०,०००।- जरिवाना हुने ठहर भई विगो तर्फको आरोपदावी नपुग्ने र ऐ. ऐनको दफा ९ को आरोपदावी समेत नपुग्ने भनी गरेको फैसला त्रुटिपूर्ण रहेको हुँदा दावी नपुग्ने भनी भएको फैसलाको हदमा बदर गरी अभियोग मागदावी वमोजिम निज प्रतिवादीहरु याम प्रसाद भुषाल समेतलाई भ्रष्टाचार कसूरमा आरोपपत्र दावी वमोजिम नै कसूर ठहर गरी सजाय तथा विगो असूल उपर हुनु पर्नेमा सो नगरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी रहेको।

ड) प्रतिवादीहरु सह-लेखापाल राजाराम मण्डल, अधिकृत छैठौं राम स्वार्थ महतो र खरिदार जित मोहन कुमार दासले आ-आफ्नो गर्नुपर्ने कर्तव्य पुरा नगरी गुणस्तरहीन Ladies साईकललाई सम्झौता र स्पेसिफिकेशन वमोजिमको साईकल, तोकिएको मापदण्डको Ladies cycle खरिद गरी "बेटि बचाउ,बेटि पढाउ" नीति अन्तर्गतको कार्यक्रम वितरीत साईकल गुणस्तरहीन हुन् भन्ने जानिजानी त्यस्तो साईकल खरिद गर्न मिलेमतो गर्ने निज भण्डारण शाखाका दुवै पदाधिकारीहरु कसूरदार भएको पर्याप्त प्रमाण हुँदा हुँदै निजहरुको भूमिका नभएको र बदनियत नभएको उल्लेख गरी कसूर अपराधबाट उन्मुक्ति दिई आरोपदावीबाट सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएको।

प्रवक्ता
नरहरि घिमिरे

## <u>देहायः</u>

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी **यामप्रसाद भुसाल समेत** ७ जना (यामप्रसाद भुसाल, भगवान झा, राजाराम मण्डल, राम स्वार्थ महतो, जित मोहन कुमार दास, रेनु अग्रवाल, र श्री ओम सत्यसाई प्राइभेट लिमिटेड (M/S Om Satya Sai Pvt. Ltd. Birgunj, Parsa) प्रतिवादीहरु भएको, बिशेष अदालतको मुद्दा नं. ०७९-CR-०००५), बिशेष अदालतबाट फैसला भएको मिति २०८०/१०/११ )। | साईकल खरिदमा अनियमितता गरी भ्रष्टाचार गरेको। | **क). प्रदेश सचिव याम प्रसाद भुसालको हकमा :**<br>निज प्रतिवादी यामप्रसाद भुसालले साईकल आपूर्तीको ठेक्काको कार्यमा उल्लिखित सम्झौता शर्तहरु बिपरीतका ब्राण्ड नखुलेका कमसल तथा गुणस्तरहिन लेडिज साइकलको आपूर्ति स्वीकार गरी भुक्तानी समेत गरिसकेकोले प्रदेश सरकारलाई प्रति साइकल मुल्य रु.६,४४१ (अक्षरेपी छ हजार चार सय एकचालिस मात्र) को दरले १६,०३८ थान साइकलको कूल रकम रु.१०,३३,००,७५८ (अक्षरेपी दश करोड तेत्तिस लाख सात सय अन्ठाउन्न मात्र) हानी नोक्सानी गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादी याम प्रसाद भुसालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसूर गरी प्रदेश सरकारलाई गैरकानूनी हानी पु-याएको देखिएकोले निजलाई विगो रु.१०,३३,००,७५८। (अक्षरेपी दश करोड तेत्तिस लाख सात सय अन्ठाउन्न मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगोबमोजिम जरीवाना गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो समेत असूल उपर हुन र निज प्रतिवादी याम प्रसाद भुसालले प्रमाणित गरेको भण्डार दाखिला प्रतिवेदन गलत तवरबाट तयार गरिएको गलत लिखत भएको देखिदा | <u>फैसलाः</u><br>प्रस्तुत मुद्दामा कूल ७ जना प्रतिवादीहरुमध्ये यामप्रसाद भुसाल र भगवान झाको हकमा आंशिक दावी पुग्ने तथा अन्य प्रतिवादीहरुले प्रस्तुत मुद्दाको आरोप मागदावीबाट सफाई पाउने ठहरी फैसला भएको:<br>प्रतिवादी, सहलेखापाल राजाराम मण्डल, (अधिकृत छैटौं), राम स्वार्थ महतो र खरिदार जितमोहन कुमार दासले गरेको कार्य प्रकृति हेर्दा अधिकारप्राप्त अधिकारीबाट भएको निर्णय कार्यान्वयन सम्म गरेको देखिएको र निज प्रतिवादीहरु निर्णय गर्ने भूमिकामा रहेको नदेखिंदा निजहरुको हकमा आरोपित कसूर प्रमाणबाट पुष्टि हुन नआएकोले आरोपदाबीबाट सफाई पाउने ठहर्छ, प्रतिवादी श्री ओम सत्य साई प्रा.लि र सो प्रा.लि.का प्रबन्ध निर्देशक रेनु अग्रवालको हकमा निजले आपूर्ति गरेको साइकलको मूल्य र वास्तविक हानि नोक्सानीको बिगो अभियोजन पक्षबाट खुलाएको नदेखिएको तथा संझौता अनुरुपको ब्राण्डका साइकल कोभिडको कारण आपूर्ति गर्न नसक्ने भएकोले अन्य प्रकारको साइकल आपूर्तिका लागि मन्त्रालय समक्ष अनुरोध समेत लेखि पठाएको स्थितिमा निजबाट आपूर्ति भएका साइकल खरिदकर्ता प्रथम पक्षले स्वीकार गरी त्यसमा खरिदकर्ता पक्षले प्रश्न नउठाएको स्थितिमा आरोप दाबी बमोजिम बिगो कायम गरी बिगो जफत गर्न मिल्ने नदेखिंदा निज प्रतिवादीले सो आरोपदाबीबाट सफाई पाउने,<br>प्रतिवादी प्रदेश सचिव याम प्रसाद भुसालको हकमा हेर्दा, निज प्रतिवादीलाई प्रदेशका प्रमुख सचिवले प्रत्यायोजन गरेको अधिकार अन्तर्गत साइकल खरिद सम्बन्धी सम्पूर्ण जिम्मेवारी निजमा रहेको देखिंदा तहगत रुपमा निज समक्ष पेस गरेको प्रतिवेदन स्वीकृत गरी भुक्तानी खर्च लेखेको, खरिद हुनुपूर्व भारतको लुधियानासम्म गई आफैले Pre-shipment inspection तथा अवलोकन गरी पेस गरेको प्रतिवेदन बमोजिम आपूर्तिकर्ताबाट साइकल प्राप्त भएपछि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम निरीक्षण तथा परीक्षण गर्ने दायित्व निजै उपर रहेकोमा सो समेत नगरी संझौता विपरीत सम्झौतामा उल्लेख नभएका ब्राण्डका साईकल स्वीकार गरी भुक्तानी गरेको समेत देखिन आएकोले निज प्रतिवादीले भ्रष्टाचार | ढ) प्रस्तुत मुद्दामा OCMCS2/NCB/GOODS/077/078-01 को ठेक्का मार्फत लेडिज साईकल खरिद गर्न ठेक्का आव्हान गरिएकोमा सार्वजनिक खरिद ऐन, २०६३ र ऐ नियमावली, २०६४ तथा सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को निर्देशिका उक्त सेवा खरिद गर्दा सबै पक्षले अक्षरश पालना गर्नु अनिवार्य शर्त हो, मिसिल संलग्न खर्च गर्ने अख्तियारीनामा शर्त हेर्दा, प्रदेश सचिव (सह-सचिव) याम प्रसाद भुसालको नाउँमा प्राप्त भएको भन्ने खुल्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, जनकपुरधाम धनुषाको च.नं.१०२४, मिति २०६६/०९/०५ गतेको पत्र मार्फत आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११५ को उपनियम (२) अनुसार तत्कालीन राजपत्रांकित प्रथम श्रेणीका कार्यालय प्रमुखलाई नै तोकि आर्थिक प्रशासन संचालन गर्ने सम्पूर्ण कार्यहरुको तथा त्यस कार्यालय अन्तर्गत संचालित योजना/कार्यक्रम कार्यान्वयन गर्ने गराउने समेतका अधिकार प्रत्यायोजन एवं कार्य जिम्मेवारी दिईएको अवस्था पाईन्छ, यसरी प्राप्त प्रशासनिक अधिकारलाई निज प्रदेश सचिव याम प्रसाद भुसालले कोही कसैलाई आर्थिक/प्रशासनिक अधिकार प्रत्यायोजन गरी कार्य संचालन गर्ने गरेको भन्ने विषयमा अनुसन्धानका क्रममा तथा अदालतमा बयान गर्दा पनि सो अधिकार कसैलाई लिखित रुपमा प्रत्यायोजन गरेको भनी भन्न देखाउन सकेको नदेखिंदा यस स्थितिमा आरोपदावी बमोजिमको कसूर र बिगो हानिनोक्सानीमा निजको बदनियतपूर्ण कार्य स्वतः स्थापित भएको देखिएको।<br><br>ण) यसरी यस ठेक्का आव्हानको कार्य अन्तर्गतका टेण्डर डकुमेन्ट सहित टेण्डर स्वीकृत र सम्झौता मिति २०७७/०८/२४ (तदनुसार Dec. ०९, २०२० AD) मा सम्झौता भई सोही कागज बमोजिम सरकारी कार्यालयमा प्रशासनिक र आर्थिक प्रशासन चलाएको देखिन्छ, सरकारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | संझौता बमोजिमको अम्बिका ब्राण्डको साइकल प्राप्त हुनुपर्नेमा ब्राण्ड नखुलेका साइकल स्वीकार गरी गलत स्टोर दाखिला तयार गरी भुक्तानी समेत भएको देखिएकोले निज प्रतिबादी याम प्रसाद भुसालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ अनुसारको थप कसुर समेत गरेको देखिएको हुँदा निज याम प्रसाद भुसाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम समेत कैद सजाय र जरिवाना समेत गर्न मागदावी लिइएको।<br><br>**ख).सि.डि.ई.भगवान झाको हकमाः**<br>निज प्रतिवादी प्राविधिकको रुपमा मात्र साइकल खरिद प्रक्रियामा संलग्न भएको भन्ने व्यहोरा उल्लेख गरेको भए तापनि साइकल आपूर्ति भएको प्रत्येक पटक निजले स्वीकृत BOQ अनुसार साइकल प्राप्त भएको र भुक्तानी प्रदान गर्न हुन भनी प्रदेश सचिव याम प्रसाद भुसाललाई सिफारिस गरेको र सोही बमोजिम भुक्तानी समेत भएको कागज प्रमाणहरुबाट देखिंदा निजले आपूर्ति भएका लेडिज साइकलहरु स्वीकृत स्पेसिफिकेशन अनुसार ठिक छ भनी उल्लेख गरेको पाईन्छ, तर सम्झौता विपरीतका ब्राण्ड उल्लेख नभएका १६,०३८ थान साइकलको परीक्षण नै नभएको अवस्थामा पनि स्वीकृत स्पेसिफिकेशन अनुसार ठिक छ भन्नु निजले गलत मनसायले भुक्तानी दिने प्रयोजनका लागि सिफारिस गरेको समेत देखिईरहेको पाईनाले निज प्रतिवादी भगवान झाले भ्रष्टाचार निवारण ऐन, | निवारण ऐन, २०५९ को दफा ८ (१)(ञ) को कसुर गरेको देखियो, तर अभियोजनकर्ताबाट वास्तविक हानि नोक्सानीको बिगो खुलाई दावी गरेको अवस्था नदेखिंदा निज प्रतिवादी याम प्रसाद भुसाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम ३ (तीन) महिना कैद र रु.१०,०००/- (दश हजार) जरिवाना हुने ठहर्छ, दावीको विगोको हकमा खरिद भएका साइकल र सम्झौतामा उल्लिखत ब्राण्डका साइकलको तुलनात्मक मूल्य नै नखुलाई आरोप दावी गरेको देखिंदा हानी नोक्सानीको यथार्थ विगो यकिन गर्न नसकिएको स्थितिमा विगो तर्फको आरोप दावी पुग्न सक्तैन, निज प्रतिवादीले उक्त ऐनको दफा ९ बमोजिमको कसुर गरेको प्रमाणबाट पुष्टिहुन नआएकोले उक्त दफा ९ को आरोप दाबी पुग्न सक्दैन,<br><br>यसैगरी अर्का प्रतिवादी सि.डि.ई भगवान झाको हकमा साइकल खरिद सम्बन्धी प्रक्रियामा आफूसमेत गई भारतको लुधियाना स्थित अम्बिका साइकल मेनुफेक्चरमा Pre-shipment inspection तथा अवलोकन भ्रमण गरी पेस गरेको प्रतिवेदन बमोजिम संझौतामा उल्लेख भएको ब्राण्डको साइकल आपूर्तिकर्ताबाट प्राप्त नभएको स्थितिमा समेत संझौता बमोजिमको साइकल प्राप्त भएको भनी भुक्तानीको लागि टिप्पणी पेस गरी सोही टिप्पणीको आधारमा भुक्तानी भएको देखिन्छ, तसर्थ निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१)(ञ) को कसुर गरेको देखियो, तर अभियोजनकर्ताबाट ब्राण्ड नखुलेको साइकलको मूल्य नखुलाई आरोपपत्र पेस गरेको र वास्तविक हानि नोक्सानीको विगो कायम गरी आरोप दाबी लिन सकेको नदेखिंदा निज प्रतिवादी भगवान झालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम ३ (तीन) महिना कैद र रु.१०,०००/- (दश हजार) जरिवाना हुने ठहर्छ, दावीको विगोको हकमा खरिद भएका साइकल र सम्झौतामा उल्लिखित ब्राण्डका साइकलको तुलनात्मक मूल्य नै नखुलाई आरोप दावी गरेको देखिंदा हानी नोक्सानीको यथार्थ विगो यकिन गर्न नसकिएको स्थितिमा विगो तर्फको आरोप दावी पुग्न सक्तैन, निज प्रतिवादीले उक्त ऐनको दफा १५ को कसूर गरेको प्रमाणबाट पुष्टि हुन नआएकोले सो दफा १५ को आरोप दाबी पुग्न सक्दैन भन्ने समेत मिति २०८०/१०/११ मा बिशेष अदालत काठमाण्डौबाट फैसला भएको अवस्था छ । | कार्यालयले सेवा खरिद गर्दा अनिवार्य तवरवाट तोकिएका शर्त कानूनको अधिनमा रहि ठेक्का वा टेण्डरको कार्य सम्पादन गर्नु अनिवार्य हुन्छ, तोकिएका शर्त, स्पेसिफिकेशन (Specification), गुणस्तर (Quality),कार्य सम्पादनको समयावधि, सेवाको प्राप्ति, संख्या (Quality) लगायतका तथा Tender/Agreement Document ले खुलाएका र भनेका विषयमा तत् तत् योग्यता प्राप्त र छनौट भएका आपूर्तीकर्ता मार्फत वस्तु/सेवा मात्र खरिद गर्नु पर्ने हुन्छ, उत्पादनकर्ता कम्पनी पंन्जाव स्थित अम्बिका कम्पनिको Field Visit गरी कम्पनीको Pre-shipment निरीक्षण भ्रमण सम्पन्न गरी Complete let of Ladies cycle को भौतिक परीक्षण भई १ सेट साईकल Approved sample of one set of ladies bicycle सुरक्षित गरी Post inspection का लागि Inspection Team ले Sample ल्याएको देखिन्छ, सो टोलीले उक्त साईकल स्पेसिफिकेशन अनुसारको भएकोले Shipment गर्न अनुमति प्रदान गरिएको भन्ने उक्त प्रतिवेदनबाट देखिन्छ, Tender Document मा उल्लेखित साईकल पनि सोही बमोजिम भएको अवस्था छ, उक्त अम्बिका (Ambika) स्टिकर सहितको साईकलको जाँच गरेको इन्जिनियरिङ अध्ययन संस्थान थापाथली क्याम्पसका ई.लक्ष्मण पलिखेल, अर्का मेकानिकल ईन्जिनियर दिपक प्रसाद खतिवडाले परीक्षण गरेको अम्बिका साईकलको प्रतिवेदनमा जे जो गुणस्तर अवस्था छ १,२०० थान साईकल सोहि अम्बिका ब्राण्डका साईकलमा गुणस्तर रहेको भन्ने बुझिन्छ, अन्य बाँकि १६,०३८ थान साईकल Ladies Cycle मा अम्बिकाको स्टिकर नभएको, कमजोर, गुणस्तरहिन रही स्वीकृत Sample (approved) बमोजिम नभएको भन्ने अनुसन्धानको प्रतिवेदनबाट खुलेको र अदालतको बयानबाट पनि सोही तथ्य समर्थित भएकोले आपूर्तिकर्तालाई M/S Om Satya Sai Pvt. Ltd .ले आपूर्ति गरेको १,२०० साईकल अलावा यस साईकलको हकमा सम्झौता वमोजिम र स्वीकृत Sample भन्दा कम गुणस्तरको साईकल ल्याईएको तथा आपूर्ति भएकोमा विवाद देखिएन, यसर्थ मिसिल सलंग्न सबूद प्रमाणबाट आरोपपत्रको विरुद्ध खण्डका प्रतिवादीहरुको विभिन्न भूमिका र कार्यबाट प्रतिवादीहरुलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसूर गरेको देखिएकोले निजलाई विगो रु.१०,३३,००,७५८। (अक्षरेपी दश करोड तेत्तिस लाख सात सय अन्ठाउन्न मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगोबमोजिम जरीवना गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो समेत असुल उपर हुन र निजले आपूर्तिकर्तासंग खरिद सम्झौता गर्दा आफूलाई प्रत्यायोजित नै नभएको अधिकारको प्रयोग गरेको देखिएकोले निज प्रतिवादी भगवान झाले वदनियतपूर्ण तवरबाट आफूले नपाएको अधिकार पाएँ भनी कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ अनुसार थप कसूर समेत गरेको पुष्टि हुन आएको हुँदा निज सि.डि.ई भगवान झालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिम समेत कैद सजाय र जरिवाना गर्न मागदावी लिइएको।<br>**ग).सह-लेखापाल राजाराम मण्डलको हकमाः**<br>निज प्रतिवादी राजाराम मण्डलले प्रदेश सरकारलाई प्रति साइकल रु.६,४४१ (अक्षरेपी छ हजार चार सय एकचालिस मात्र) को दरले १६,०३८ थान साइकलको कूल रकम रु.१०,३३,००,७५८ (अक्षरेपी दश करोड तेत्तिस लाख सात सय अन्ठाउन्न मात्र) हानी नोक्सानी पुगेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादी राजाराम मण्डलले भ्रष्टाचार निवारण ऐन, २०५९ | **विशेष अदालतले फैसला गर्दा लिईएका आधारहरुः**<br>प्रस्तुत मुद्दामा सम्मानित बिशेष अदालत, काठमाण्डौबाट कुल ७ जना प्रतिवादीहरुमध्ये २ जना प्रतिवादीको हकमा आंशिक दावी पुग्ने तथा अन्य ५ जना प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला गर्दा लिईएका आधार तथा कारणहरु देहाय बमोजिम रहेका छन्:<br>क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाम, धनुषाको च.नं.१५२२. मिति २०७८/१२/२८ गतेको पत्रमा लेखिएको व्यहोरा महत्वपूर्ण छ, सो पत्रमा "यस कार्यालयमा उपलब्ध फाईल, कागजात, अभिलेख हेर्दा कम्पनी / ब्राण्ड पुष्टि हुने प्रमाणित कागजातहरु देखिएन, सप्लायर्सबाट भुक्तानीका समयमा प्राप्त बिलमा साइकलको ब्राण्ड र स्पेशिफिकेशन उल्लेख भएको पाइएन, केवल लेडिज साइकल भन्ने मात्र उल्लेख भएको देखियो" भनी व्यहोरा उल्लेख गरेको देखिन्छ, यस पत्रको ब्यहोराबाट पनि संझौता विपरीत फरक ब्राण्डका साइकल आपूर्ति गरिएको भन्ने पुष्टि हुन्छ, सर्वप्रथम प्रतिवादी राजाराम मण्डलको हकमा हेर्दा, निज प्रतिवादी सह-लेखापाल पदमा कार्यरत रहेको देखिन्छ, यी प्रतिवादीको साइकल खरिद सम्बन्धी कुनै पनि निर्णय, बोलपत्र, संझौता, खरिद, दाखिला तथा खरिद प्रकृयामा संलग्नता रहेको देखिँदैन, निज प्रतिवादीले लिनु खानु गरी बदनियतका साथ साइकल खरिदमा भुक्तानीका लागि पेस गरेको भन्ने समेत देखिन आउँदैन, यस अवस्थामा निज प्रतिवादी उपरको आरोपदावी वस्तुनिष्ठ प्रमाण प्रस्तुत गरी अभियोजनकर्ताले पुष्टि गर्न सकेको पाइएन, प्रतिवादी राम स्वार्थ महतो अधिकृत छैटौं तहका कर्मचारी देखिन्छन्, निजको जिम्मेवारी भण्डार तथा जिन्सी शाखा प्रमुखको रुपमा रहेको देखिन्छ, निजले अधिकार प्राप्त अधिकारी र अदालतमा बयान गर्दा साइकल खरिद सम्बन्धी कुनै पनि निर्णय तथा खरिद प्रकृयामा संलग्नता नरहेको, कुनै पनि गलत लिखत तथा प्रतिवेदन तयार नगरेको र प्रदेश सरकारलाई हानी नोक्सानी पुयाउने कार्य नगरेको भनी आरोपित कसूरमा इन्कार रहेको पाइन्छ।सो इन्कारी बयानलाई समर्थन हुने गरी निजका साक्षी भवेश्वर यादवले बकपत्र गरेको देखिन्छ, यी प्रतिवादीले भण्डार दाखिला गर्दा अम्बीका ब्राण्डको साइकल मैं भनी उल्लेख गरी | गैरकानूनी लाभ र प्रदेश सरकारलाई गैरकानूनी हानी नोक्सानी पुगेको तथ्य तर्फ विश्लेषण नगरी भएको फैसला त्रुटिपूर्ण देखिएको।<br>त) यसरी नै ठेक्का आव्हान भई सम्झौता सम्मको अबधिमा पुग्दा के कस्तो सामान वस्तु सेवा उपलब्ध गराउने वा आपूर्ति गर्ने हो सो यकिन भई आवश्यकता अनुसारको लट(खेप)लाई कार्य बिबरण, आपूर्ती समय समेत तोक्ने कार्य भएकै हुन्छ, खरिदको स्वीकृत स्पेसिफिकेशन भन्दा बाहिर गई मनपरी तवरले खरिद गर्न तथा समान आपूर्ति गर्न मिल्दैन, जे जो प्रकृतिको वस्तु चाहिने हो सोही वस्तु मात्र लिने वा स्वीकार गर्ने हो, गलत र गुणस्तरहीन वस्तु कार्यालयका लागि आर्थिक रुपमा बोझ बनाई सामान थुपार्ने, सरकारलाई आर्थिक बोझ बनाई विना उपयोगिता र गुणस्तरहीन वस्तु (साईकल) बितरण गरी प्रतिवादीहरुले एक आपसमा मिलेमतो गरी गैर कानूनी लाभ प्राप्तीका लागि सरकारी सम्पत्तिको दुरुपयोग गरेको तथ्य पुष्टि भएको देखिन्छ, मधेश सरकारको निर्णय वमोजिम सरकारले पूर्बबत् तोकिएको Sample मध्येका Ambika साईकल नै प्राथमिकता प्राप्त व्यक्तिलाई वितरण गर्नु पर्ने मधेश प्रदेश सरकारको नीति एवं कार्यक्रम नै हो, सार्वजनिक खरिद ऐन नियमका कानूनी प्रवन्धको ठाडो उल्लंघन गरी ठेक्का प्रक्रिया अगाडि बढाउने र सरकारी सम्पत्ति हानी नोक्सानीमा सरकारको करिव रु.१० करोड रकम बराबरको ठूलो धन अनाहकमा खर्च गर्न प्रतिवादीहरु उद्यत रहेको पुष्टि हुन्छ, यी र यस्तै प्रवृत्ति, गैर कानूनी कार्य रोक्न र भ्रष्टाचारजन्य कार्य निवारण गर्न भ्रष्टाचार निवारण ऐन, २०५९ को कानूनी प्रवन्ध भएको तर्फ विशेष अदालतले सबुद प्रमाणको व्यख्या विश्लेषण नगरी फैसला गरेको देखिएकोले सो फैसला बदरभागी रहेको।<br>थ) प्रस्तुत मुद्दाका सम्बन्धमा के कति कुन सेवा/आपूर्तिका साईकलमा गुणस्तर कायम भएन भन्ने तर्फ हेर्दा सुरुका १,२०० साईकलमा Ambika स्टिकर सहितको उपलब्ध गराईएको Lydies Cycle वाहेक अन्य बाँकि सबै १६,०३८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसूर गरेको देखिएकोले निजलाई बिगो रु.१०,३३,००,७५८। (अक्षरेपी दश करोड तेत्तिस लाख सात सय अन्ठाउन्न मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगोबमोजिम जरीवना गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम समेत बिगो असुल उपर गर्ने मागदावी लिइएको ।<br><br>**घ).भण्डार/जिन्सी शाखा प्रमुख अधिकृत छैठौं राम स्वार्थ महतोको हकमाः**<br>निज प्रतिवादी राम स्वार्थ महतो जिन्सी/भण्डार शाखाको प्रमुख भएको तथा तयार गरिएको दाखिला प्रतिवेदनको जाँच गर्ने कार्यमा संलग्न रही गलत लिखत राख्ने कार्य गरेको हुँदा निजले जाँच गरेको भण्डार दाखिला प्रतिवेदन प्रदेश सरकारलाई हानी पु-याउने वदनियतसाथ तयार भएको गलत लिखत भएको पाइएकोले निज प्रतिवादी राम स्वार्थ महतोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ अनुसार कसुर गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम कैद सजाय र जरिवाना समेत गर्ने मागदावी लिइएको ।<br><br>**ङ).भण्डार शाखाका खरिदार जित मोहन कुमार दासको हकमाः**<br>भण्डार दाखिला गर्दा निज प्रतिवादीले सम्झौता अनुसार अम्बिका कम्पनी तथा ब्राण्डका साइकल हो, होईन यकिन | अभिलेख राख्ने कार्य गरेको भन्ने पनि देखिन आउँदैन, भण्डार दाखिला लिखतमा “लेडिज साइकल” भन्ने सम्म उल्लेख भएको भनी आरोप पत्रमा नै उल्लेख भएको देखिन्छ, यसबाट निज प्रतिवादीको इन्कारी बयानलाई अन्यथा भन्नुपर्ने देखिदैन भने वादी नेपाल सरकारले निज विरुद्धको आरोपदाबी ठोस तथा वस्तुनिष्ठ प्रमाण प्रस्तुत गरी पुष्टि गर्न सकेको पाइदैन।<br>ख) प्रतिवादी जितमोहन कुमार दास खरिदार पदका कर्मचारी रहेको देखिन्छ, निजलाई भण्डार शाखामा जिम्मेवारी दिएको देखिन्छ, निजले अधिकार प्राप्त अधिकारी र अदालतमा बयान गर्दा, सि.डि.इ. भगवान झाले BOQ मा रहेको स्पेसिफिकेसन अनुसार सामान रहेको भनी सिफारिस गरेको, सो टिप्पणीमा कार्यालय प्रमुखले प्राविधिक प्रतिवेदन आइसकेको हुनाले स्टोर दाखिला गर्नु भनी लगाएको तोक आदेश लगाई अनुपालन गर्दै स्टोर दाखिला गर्न लगाईएको हो, माथिल्लो तहबाट बिल अनुसार दाखिला प्रतिवेदन तयार गर्न भने बमोजिम दाखिला प्रतिवेदन तयार गरेको हो । कुनै बदनियत राखेर प्रदेश सरकारलाई हानिनोक्सानी हुने काम गरेको छैन भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ, सो इन्कारी बयानलाई निजका साक्षी नवीन कुमार सिंहले समर्थन हुने गरी बकपत्र गरेको देखिन्छ, यी प्रतिवादीले दाखिला लिखतमा अम्बीका ब्राण्डको साइकल भनी उल्लेख नगरी “लेडिज साइकल" भनी उल्लेख गरेको देखिन्छ, अम्बीका ब्रान्ड साइकल नै दाखिला भएको भन्ने निज उपरको आरोपदावी दाखिला विवरणबाट पुष्टि भएको देखिदैन। अतः निज उपरको दाबी पनि अभियोजकर्ताले सप्रमाण पुष्टि गर्न सकेको देखिन आएन, प्रतिवादीहरु राजाराम मण्डल, राम स्वार्थ महतो र जितमोहन कुमार दास तीनै जना निर्णयाधिकारी नभइ अह्राएको, खटाएको जिम्मेवारी बहन गर्ने सहायक स्तरको कर्मचारीहरु भएकोमा विवाद छैन, सो जिम्मेवारी पुरा गर्ने शिलशिलामा निज प्रतिवादीहरुले आफूलाई गैर कानुनी लाभ लिने वा सरकारलाई हानी पुयाउने बदनियत लिइ कार्य गरेको भन्नेसमेत मिसिल सलंग्न कागज प्रमाणबाट पुष्टि भएको देखिन आएन, कुनै ठोस तथा वस्तुनिष्ठ प्रमाणको अभावमा निज प्रतिवादीहरुलाई कसूरदार कायम गर्न नमिल्ने।<br><br>ग) सप्लार्यसको ठूलो संख्याको १६,०३८ थान साइकल कुनै ब्राण्ड | थान साईकल कम गुणस्तर र अम्बिका साईकल नरहेको भन्ने देखिन आएको अबस्था छ, किनभने स्वयं आपूर्तिकर्ता M/S Om Satya Sai Pvt. Ltd . का प्रवन्धक निर्देशक रेनु अग्रवालका तर्फवाट उपस्थित संजय प्रसाई रौनियारले १६,०३८ थान साईकल वेल एक्जिम प्रा.लि. बाट उत्पादित स्थानीय बजारबाट खरिद गरी ल्याईएको तथा प्रतिवादीहरु याम प्रसाद भुसाल र भगबान झा को मौखिक आदेशमा साईकल ब्राण्ड खुल्ने लोगो टयाग नलगाईएको हो,सम्पुर्ण साईकल तोकेको समयमा आपूर्ति गर्न नसकेको हुनाले अन्य कम्पनीका साईकल आपूर्ति गरिएको हो भनी ततिम्बा बयानमा कसुरजन्यकार्य स्वीकार भई व्यहोराहरू आपूर्तीकर्ताले नै खुलाईएको पाईन्छ, र प्राबिधिक (मेकानिकल) ईन्जिनियर दिपक प्रसाद देबकोटाको बकपत्र समेतबाट सो १६,०३८ थान साईकल अम्बिका ब्राण्ड नभई अरु नै गुणस्तरहीन साईकल भएको तथ्य प्रमाणित भएको स्थितिमा गुणस्तरहीन साईकल आपूर्ति गर्ने र ती गुणस्तरहीन साईकल स्वीकार गर्ने कार्य स्वत भ्रष्टाचारजन्य अपराध भएको स्पष्ट हुन आएको अवस्था देखिएको छ, बिशेष अदालतबाट यी तथ्यलाई न्यायोचित विवेचना नै नभएको।<br>द) यसरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) मा सरकारी वा सार्वजनिक संस्थालाई गैरकानूनी हानी पु-याउने बदनियतले सो दफामा उल्लेखित कुनै कार्य गरी कसूर गरेको भए कसूरको मात्रा अनुसार कैद र विगो खुलेकोमा विगो वमोजिम जरिवाना गरी विगो असुल उपर गरिनुपर्ने कानूनी व्यवस्था गरेको छ, साथै ऐ. ऐनको दफा ८ (१) को देहाय (ञ) मा “माल सामान खरिद गर्दा गुणस्तरहीन, म्याद नाघेका अस्वभाविक रुपमा बढी मूल्य तिरी खरिद गर्ने गराउने “ भन्ने कसूर गरे उपर ऐ. दफा ८ (१) अन्तर्गत सजाय हुने उल्लेख भएको र सो कानूनमा स्पष्ट तवरले सामान खरिद हुँदाको अवस्था, नोक्सानीको परिणाम(consequence)लाई संकेत गरेको पाईन्छ, कसै गरिकन राज्य वा संस्थालाई नोक्सानी हुने तवरबाट वस्तु वा सेवा खरिद गरेको पाइएमा उक्त ऐनको दफा ८ (१) (ञ) आकर्षित हुने भन्ने प्रष्ट व्यवस्था रहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हुनुपर्ने कानूनी ब्यबस्थालाई अनदेखा गरी प्रत्येक लटमा आपूर्ति भएका साइकलको प्राविधिकले परीक्षण गरी पेश गरेको प्रतिवेदनमा स्पेसिफिकेशन अनुसार भएको भनी उल्लेख गरेर बिल बिजक नहेरी भण्डार दाखिला प्रतिवेदनमा बदनियतसाथ बोलपत्रमा उल्लेख भएको कम्पनी ब्राण्ड उल्लेख नगरी "लेडिज साइकल" भनी उल्लेख सम्म गरी सो कार्यले प्रदेश सरकारलाई हानी पु-याउने वदनियतले गलत लिखत तयार भएको देखिएकोले निज प्रतिवादी जित मोहन कुमार दासले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ अनुसार कसूर गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम कैद सजाय र जरिवाना समेत गर्न मागदावी लिइएको ।<br><br>**च). M/S Om Satya Sai Pvt. Ltd. Birgunj, Parsa (ओम सत्य साई प्रा.लि., वीरगंज, पर्सा) र उक्त संस्थाको Managing Director रेनु अग्रवालको हकमाः**<br>निज प्रतिवादी रेनु अग्रवालले उक्त Om Satya Sai Pvt. Ltd. को मुख्य शेयरधनी तथा प्रवन्ध निर्देशक (Managing Director) को हैसियतले आफूलाई गैरकानुनी लाभ पु-याउने बदनियतले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष गरेको सम्झौता, ठेक्का, शर्त पालना नगरेको र निर्धारित शर्त उल्लंघन हुनेगरी कार्य गरी प्रदेश सरकारलाई १६,०३८ थान साइकल वापत भुक्तानी भएको रकम | नखुलेका र संझौताले निर्दिष्ट नगरेका साइकल आपूर्ति गरेको जाँच तथा परीक्षण प्रतिवेदनबाट देखिन आउँछ । यस तथ्यलाई प्रतिवादीहरु सबैले स्वीकार गरेको पाइन्छ, संजय प्रसाद रौनियारले गरेको मौकाको कागज ब्यहोरामा प्रदेश सचिव याम प्रसाद भुसाल र सि.डि.ई. भगवान झाको सुझावमा अर्को ब्राण्डको साइकलको आपूर्ति गरेको हो भन्ने ब्यहोरा लेखाएको देखिन्छ, निर्धारित स्पेसिफिकेशन बमोजिमको साइकल उपलब्ध गराउन नसक्ने हुँदा ब्राण्ड परिवर्तनका लागि प्रदेश मन्त्रिपरिषदमा निवेदन दिई सि.डि.ई भगवान झाले स्वीकृति दिए बमोजिम अन्य ब्राण्डको साइकल खरिद गरिएको हो भन्ने उक्त प्रतिवादीको जिकिर रहेको छ, फरक खालको साइकल उपलब्ध गराइनु पर्ने कारण सहितको निवेदन स्वीकृतिका लागि पत्र सम्बन्धित निकायमा दर्ता गराएर साइकल उपलब्ध गराएको हो भनी बयान ब्यहोरा लेखाएको देखिन्छ, श्री ओम सत्य साई प्रा.लि.का प्रवन्ध निर्देशक रेनु अग्रवालले अदालतमा बयान गर्दा संझौतामा उल्लिखित स्पेशिफिकेशन बमोजिमको १७,२३८ थान गुणस्तरीय साइकल उपलब्ध गराएको हो। १६,०३८ थान लेडिज साइकल प्रिन्स ब्राण्डको र १,२०० थान लेडिज साइकल अम्बीका ब्राण्डको उपलब्ध गराएको हो । कोभिड-१९ महामारी फैलिएको र फलामको आपूर्तिमा समस्या भै निर्माताहरुले उत्पादन बन्द गरेको एवं यातायात समेत ठप्प रहेको अवस्थामा अम्बीका कम्पनीको निर्धारित स्पेसिफेकेशन बमोजिम साइकल उपलब्ध गराउन नसकेको हो भनी आरोपित कसुरमा इन्कार रहेको पाइन्छ, प्रदेश सरकारका प्रमुख जिम्मेवार पदाधिकारीले त्यसलाई इन्कार नगरी जेजस्ता साइकल आपूर्ति गरेको भए पनि स्वीकार गरी साइकल बुझिलिने र स्टोर दाखिला गरी सबै साइकल वितरण समेत गरेको देखिन्छ, आपूर्तिकर्ताले संझौतामा उल्लेख भएको थान १७,२३८ साइकल उपलब्ध गराएको तथ्यमा अभियोजन पक्षले अन्यथा दाबी लिएको नदेखिंदा र आपूर्तिकर्ताले अम्बीका ब्राण्ड भन्दा फरक रहेको १६,०३८ थान लेडिज साइकल उपलब्ध गराएको अवस्था हुँदा सो साइकलको मूल्य शून्य नै हुन्छ भनी हचुवा मूल्य कायम गर्नु न्यायोचित हुने देखिदैन, अतः आपूर्ति गरेको साइकलको मूल्य र वास्तविक नोक्सानीको बिगो अभियोजन पक्षबाटै यकिन गरी मागदाबी लिनुपर्नेमा पूरै बिगो | छ, गुणस्तरहीन माल सामान खरिद हुँदाको क्षणमा ती मालवस्तु जे जति कम्सल/गुणस्तर रहेर पनि कति मूल्य वरावर कम्सल गुणस्तर रहेको भन्ने मापन (measurement) गर्नु पर्ने नभई तोकिएको गुणस्तर नभएको हुनासाथ कसूरजन्य अपराध स्वत स्थापित हुन्छ, तोकिएको मापदण्ड भन्दा तल्लो स्तरको वस्तु खरिद वा सप्लाई गरेको स्थितिमा जति कम गुणस्तर हदको मूल्य (Cost/valuation of low quality) वा विगो कम भएको हो सो लाई विगो मानी असुल गरिने उद्देश्य सो कानूनको नभएर पूरै त्यस्ता गुणस्तरहीन/ बेकम्मा रहेको सामान आपूर्ति गर्ने गराउने कार्यमा घाटा र नोक्सान पारेको सामान/ वस्तु /सेवा वरावरको बिगो स्वतः कायम हुने भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र ८ मा स्पष्ट देखिन्छ, यस प्रकार मापदण्डमा नपरेका प्राप्तीमा आएका गुणस्तरहीन साईकल संख्या १६,०३८ थान रहेकोले कुल रु.१०,३३,००,७५८/- बराबरको नोक्सानी पारेको छ भन्ने खुली रहेबाट सोही अंक विगो कायम गरीएको हो, यस खाले वदनियत लिई गैरकानूनी कार्यमा संलग्न प्रतिवादीहरुले गरेको कसूरमा सजाय तत्-तत् कानून बमोजिम गरी पाउन मागदावी लिई प्रस्तुत अभियोग पत्र पेश गरेको बिषय सन्दर्भ र सबूद प्रमाण तर्फ बिशेष अदालतले नजर अन्दाज गरेको देखिएको।<br><br>ध) यसरी नै सम्मानित विशेष अदालतले प्रतिवादीहरु याम प्रसाद भुसाल र भगवान झालाई कसूरदार ठह-याएर पनि दावीको विगोको हकमा खरिद भएका साईकल र सम्झौतामा उल्लेखित ब्रण्डका साईकल तुलनात्मक मूल्य नै नखुलाई आरोपदावी मात्र लिएको देखिँदा हानी नोक्सानीको यथार्थ विगो यकिन गर्न नसकिएको स्थितिमा विगो तर्फको दावी पुग्न सक्दैन भन्ने मिति २०८०/१०/११ को फैसला सो हदमा त्रूटिपुर्ण छ, तसर्थ त्यतिको फैसलाको हदमा उक्त फैसला वदरभागी भई आरोपपत्र माग दावी बमोजिम यी दुबै प्रतिवादीहरु लगायत अन्य प्रतिवादीहरुलाई समेत दावी वमोजिम नै हानिनोक्सानीको विगो कायम गरिनुपर्ने देखिन्छ, सरकारी कार्यालयमा सामान |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रु.१०,३३,००,७५८।- (अक्षरेपी दश करोड तेत्तीस लाख सात सय अन्ठाउन्न मात्र) हानी नोक्सानी हुने कार्य गरेको हुँदा Om Satya Sai Pvt. Ltd. र उक्त प्रा.लि.का प्रवन्ध निर्देशक रेनु अग्रवालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) अनुसार कसूर गरेको देखिएकोले Om Satya Sai Pvt. Ltd. र रेनु अग्रवालको हकमा बिगो रु.१०,३३,००,७५८। (अक्षरेपी दश करोड तेत्तीस लाख सात सय अन्ठाउन्न मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को सोही दफा ८ को उपदफा (४) बमोजिम कैद सजाय वा बिगो बमोजिम जरिवाना गरी ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम नै बिगोसमेत जफत गर्न मागदावी लिइएको। | माग गरी आएको देखिएको हुँदा आपूर्तिकर्तालाई वास्तविक हानीनोक्सानीको बिगो कायम गर्न मिल्ने देखिएन, खरिदकर्तालाई लिखित रुपमा पूर्व जानकारी गराइ फरक प्रकृतिका साइकल उपलब्ध गराएकोमा त्यस्तो फरक आपूर्तिमा कुनै विमति नजनाई सोलाई स्वीकार गर्ने पक्षले नै पूर्ण जिम्मेवारी लिनुपर्ने हुन्छ, संझौताको प्रथम पक्ष खरिदकर्ताले दोस्रो पक्ष आपूर्तिकर्ताले संझौता विपरित सामान आपूर्ति गरेको अवस्थामा सो समान अस्वीकार गर्ने संझौताका शर्तहरु संशोधन गर्ने र गुणस्तरीय समानको प्रत्याभूति दिने संपूर्ण कार्यको दायित्व प्रथम पक्ष उपर नै रहेको।<br><br>घ) साइकल खरिदका लागि बोलपत्र आह्वान गरिसकेपछि तोकिएको स्पेशिफिकेसन र ब्राण्डका साइकल खरिद गर्ने, संम्झौता बमोजिमको ब्राण्ड र तोकिएको स्पेसिफिकेसन अनुरुपको साइकल आपूर्ति भए नभएको हेरी जाँची स्टोर दाखिला गराउने, सम्झौता विपरीतको साइकल आपूर्ति गरेको रहेछ भने त्यस्तो साइकल अस्वीकार गर्ने, कुनै अपरिहार्य कारण र अवस्था सृजना भई संझौता अनुसारको साइकल आपूर्ति गर्न संभव नै नभएको स्थितिमा कानूनको अधिनमा रही सम्झौताका शर्तहरु बदल्न मिल्ने भए सो प्रक्रियासमेत पूरा गरी. खरिद र आपूर्ति गर्नु गराउनु पर्ने दायित्व निज प्रतिवादी माथि नै रहेको देखिन्छ ,प्रस्तुत मुद्दामा यी प्रतिवादीले आपूर्तिकर्ताबाट संझौता विपरीतका साइकल आपूर्ति गरेकोमा समेत त्यसलाई स्वीकार गरी स्टोर दाखिला गर्न अनुमति दिएको पाइन्छ, गुणस्तरमा कमजोर र संझौताले नचिनेका साइकल अस्वीकार गर्नेतर्फ कुनै वैधानिक प्रक्रिया अवलम्बन गरेको समेत देखिन आउँदैन ।<br>ङ) बिभिन्न साईकल दाखिला प्रतिवेदन प्रमाणित गर्ने प्रदेश सचिव प्रतिवादी याम प्रसाद भुसाल रहेको पाइन्छ, त्यस्तै दाखिला प्रतिवेदन नं. ६ मिति २०७८/२/१८ गते, दाखिला प्रतिवेदन नं. ३७१ मिति २०७८/३/३० गते दाखिला प्रतिवेदन नं. ३७२ मिति २०७८/३/३० मा दाखिला प्रतिवेदनमा दाखिला प्रतिवेदन तयार गर्ने जित मोहन कुमार दास, जाँच गर्ने राम स्वार्थ महतो र प्रमाणित गर्ने प्रदेश सचिव याम प्रसाद भुसाल रहेको देखिन्छ, यसबाट निज प्रतिवादीले भूलचुकबाट ब्राण्ड फरक परेको जानकारी भएन भनी प्रतिवाद गर्ने आधार समेत | खरिद गर्दा खरिद गुरुयोजना वनाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अन्तर्गत रही कार्य गर्नुपर्नेमा सो अनुशरण गरिएको पाईदैन, साथै ऐ. नियमावलीको नियम ११ उपनियम (२) ले व्यवस्था गरेको विभिन्न लागत तयार गर्ने आधारहरुलाई अवलम्बन समेत नगरी लागत/दररेट कायम गरी सरकारी कोषलाई बेकम्मा तवरले खर्च गराई सरकारलाई हानी नोक्सानी र गैर सरकारी पक्ष प्रतिवादीहरुलाई प्रत्यक्ष अप्रत्यक्ष फाईदा गराउने मनसाय रहेको देखिन्छ, ठेक्का मार्फत् आएको सामानको हरेक लागत तथा Brand (ब्राण्ड, मार्का) र बिल सहित Specification अनुसारको Complete set of Ladies Cycle को सिल सेटको साईकल Approved Sample of one set of ladies bicycle बमोजिम Pre-shipment को स्वीकृत भए बमोजिमको सामान (साईकल) रहे नरहेको भन्ने Techecian Mechanical Engineer लाई जाँच गर्न लगाउनु र सम्झौता सर्त अनुसार ठीक दुरुस्त छ भन्ने भएपछि मात्र सो Delivery आपूर्ति/सामान स्वीकार गर्नु पर्नेमा १ (एक) पटक मात्र निरीक्षण गर्न लगाईएको तथा साइकल स्टोर गरेको ठाउँमा नलगी केबल Sample ल्याई जाँच गराएको भन्ने मेकानिकल ईन्जिनियर रामानन्द प्रसाद साहको बयानबाट खुलेको पाईन्छ, यसरी कानूनको जुन जे बिधि पुर्याउनु पर्ने हो सो कार्य छल्ने र गैर कानूनी लाभका लागि प्रतिवादीहरूहरुमा गलत नियत रहेको स्पष्ट हुँदा हुँदै ति तथ्य सबूद प्रमाण र प्रतिवादीहरुको बदनियतपूर्ण कार्यको मूल्यांकन नगरी फैसला भएको प्रष्ट देखिएको।<br><br>न) यसरी नै यस ठेक्कामा १,२०० थान साईकल अम्विका ब्राण्ड रहेको बाँकी १६,०३८ थान साईकल ब्राण्ड नखुलेका अम्बिका ब्राण्ड बाहेकको साईकल आपूर्ति भएको र बितरण भएको भनी मेकानिकल ईन्जिनियर रामानन्द प्रसाद साह स्वयंले खुलाई दिएको समेत पाईन्छ, आपूर्ति हुदाँका बखत हरेक खेप/लट साईकल जाँच गराउनु पर्नेमा गैरकानूनी लाभ लिए पाएको कारण सो कार्य निज जिम्मेवार पदमा रहेका कर्मचारीहरु कसैले पनि आवश्यक ठानेनन् र गुणस्तरहीन साईकल दाखिला गराउन सक्रिय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | देखिन नआइ जानीबुझी फरक ब्राण्डको साइकल स्वीकार गरेको पुष्टि हुन आउँछ, खरिद गरिएका साइकलको बिल भुक्तानी हुन भनी सि.डि.ई. भगवान झाले सिफारिस सहितको टिप्पणी पेस गरेकोमा निज प्रदेश सचिव याम प्रसाद भुसालले मिति २०७८।०३।३० गते स्टोर शाखालाई संलग्न निवेदन र प्राविधिक प्रतिवेदन समेतका आधारमा साइकल दाखिला गरी भुक्तानीका लागि पेस गर्ने भन्ने बेहोरा उल्लेख गरेको प्रमाणबाट पुष्टि हुन्छ, सार्वजनिक खरिद व्यवस्थपनको मुख्य उद्‍येश्य नै सार्वजनिक अधिकारीको जवाफदेहिताबाट सफल हुने हो, खरिद गरिएको मालसामानको गुणस्तरीयता र सार्वजनिक अधिकारीको कार्यकुशलता मात्र होइन उत्तरदायित्वपूर्ण कार्यबाट सरकारी कोषको उपयोगमा इमान्दारिता समेत देखिनु पर्दछ, प्रस्तुत खरिद कार्यमा सहप्रतिवादी सि.डि.ई. भगवान झाले बदनियतपूर्वक फरक खालको साइकल आपूर्ति भएको तथ्य लुकाइ संझौता अनुरुपकै साइकल आपूर्ति भएको भनी झुट्टा ब्यहोरा उल्लेख गरी पेस गरेको टिप्पणी अनुसार प्राप्त मालवस्तु के कस्तो हो भनी कुनै चेकजाँच नगरी स्टोर दाखिला गर्न र बिल भुक्तानी गर्नु भनी निज सचिवबाट टिप्पणी सदर गर्नु अन्जानमा भएको सामान्य त्रुटि मात्र सकिँदैन, यसबाट यी दुवैजना प्रतिवादीहरुको बदनियत पुष्टि हुन्छ, सार्वजनिक जवाफदेहीको पदमा रहेका हरेक राष्ट्रसेवकहरूसँग कानूनसङ्गत व्यवहार र इमान्दारीताको अपेक्षा गर्नु स्वाभाविक हुन्छ, त्यसको अतिरिक्त निजबाट पदीय जिम्मेवारी पूरा गर्नसक्ने व्यावसायिक क्षमता, दुरदर्शिता, नेतृत्व गुण आदि कुराहरूको पनि अपेक्षा गरिएको हुन्छ, त्यसमा पनि सरकारले व्यवसायिक वा व्यापारिक प्रकृतिको जिम्मेवारी सुम्पेको छ भने ती पदाधिकारीले तदनुकूलको इमान्दारीता, सक्षमता र व्यवस्थापकीय कौशल पनि प्रदर्शित गर्नुपर्ने हुन्छ, अधिकारप्राप्त अधिकारीबाट हमेसा कानूनसङ्गत र व्यवसायिक हिसावले सही निर्णय गर्नुपर्ने आम अपेक्षा गरिएको हुन्छ, प्रस्तुत मुद्दामा प्रतिवादी याम प्रसाद भुसालले आफैले साइकल उत्पादन स्थल भारतको लुधियानासम्म पुगेर सही ब्राण्डको साइकल खरिद गरिएको निश्कर्षमा पुगिसकेर पनि उपलब्ध गराइएका साइकल आफूले निरीक्षण र अवलोकन गरे बमोजिमकै ब्राण्डका प्राप्त भए वा भएनन् भन्नेसम्म पनि जाँचबुझ गरिएन भन्नु करोडौं मूल्यको | भएको देखिन्छ, गुणस्तरहीन साईकल आपूर्ति स्वीकार भई गैरकानूनी लाभ लिए पाएको कारण सो साईकलको भुक्तानी दिँदै गई रहेको भुक्तानीको बिबरणबाटै प्रष्ट देखिंदा देखिँदै ति गम्भिर कसूरजन्य कार्यलाई बिशेष अदालतबाट गम्भिरतापूर्वक व्यख्या विश्लेषण भएको देखिंदैन।<br><br>न) यसै गरी मिसिल कागजात केलाउँदा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, साविक प्रदेश नं. २ जनकपुरधाम धनुषामा कार्यरत तत्कालीन कर्मचारीहरू जित मोहन कुमार दास समेत भई भण्डार/जिन्सी शाखामा कार्यरत रहँदा आपूर्ति भएका साइकल स्वीकृत स्पेसिफिकेशन बमोजिम ठिक छ भनी जाँच गरी प्राविधिक प्रतिवेदन तयार गरेपछि अख्तियार प्राप्त अधिकारीको आदेशमा भण्डार दाखिला गर्ने र दाखिला प्रतिवेदन तयार गर्नुपर्ने जिम्मेवारी रहेको देखिन्छ, अनुसन्धानको क्रममा प्राप्त विवरणहरुबाट विभिन्न ८ लटमा जम्मा १७,२३८ थान साइकल आपूर्ति भएको पाईन्छ, प्रत्येक लटमा प्राप्त साइकलको स्वीकृत स्पेसिफिकेशन बमोजिम रहे-नरहेको बारे अधिकार प्राप्त अधिकारीले जाँच नै नगरी भण्डार दाखिला गरेको पाईन्छ, जम्मा एक थान साइकल मात्रको प्राविधिक प्रतिवेदन तयार गरेको पाईन्छ, मिति २०७८।०१।१४ (तदनुसार २७।०४।२०२१) गते ६०० थान र मिति २०७८।०१।२२ (तदनुसार ०५।०५।२०२१) गते ६०० थान गरी जम्मा १,२०० थान मात्र अम्बिका कम्पनी/ब्राण्डको साइकल नेपाल भित्र्याएको भन्सार विभागको अभिलेखमा पाईएकोमा सो भन्दा पछाडी मिति २०७८।०२।१८ मा दुई पटक र मिति २०७८।०३।३० मा दुई पटक दाखिला प्रतिवेदन निज जित मोहन दासले तयार गरेको देखिन्छ, जुन सम्झौतामा उल्लेख भएको अम्बिका ब्राण्ड नभई ब्राण्ड नखुलेका साइकल रहेका अबस्था भएबाट नक्कली व्यहोराको प्रतिवेदन भएको प्रष्ट देखिएको व्यहोरालाई अनदेखागरी भएको फैसला त्रुटिपूर्ण भएकोले बदरभागी रहेको।<br><br>प) प्रस्तुत मुद्दाका सम्बन्धमा जिन्सी तथा भण्डारण शाखा र सो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सरकारी रकम लगानीप्रति निजको उदासिनता र उच्च लापरवाही मात्र नभइ बदनियतपूर्ण कार्य हो भन्ने निस्कर्षमा पुग्न सकिन्छ, संझौता अनुरुप साइकलको चलानी पूर्व र पश्चात निरीक्षण गर्नका लागि यी प्रतिवादी याम प्रसाद भुसालको संयोजकत्वमा Inspection टोली गठन भएको देखिन्छ, सो टोलीका सदस्यमा निज प्रतिवादी सि.डि.ई. भगवान झा पनि रहेको देखिन्छ, सो टोलीले Factory को साईकल उत्पादन स्थलगत अध्ययन गर्न भारतको लुधियानामा गइ Pre-shipment Inspection गरेको पाइन्छ, सो पश्चात निरीक्षण प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय जनकपुरमा पेस गरेको देखिन्छ, सो निरीक्षण प्रतिवेदनमा "साइकल हेर्दा आकर्षक रहेको, हुनु पर्ने आवश्यक सम्पूर्ण सामाग्रीहरु जडान भएको, भौतिक परीक्षण नाप जाँच सहित निरीक्षण गरेको भन्ने समेत ब्यहोरा उल्लेख भएको पाइन्छ, यसरी करार संझौता गरेको आपूर्तिकर्ताले खरिद गर्ने भनी तोकिएको ब्राण्डको साइकलको Manufacturing कारखानामा गई यी प्रतिवादीहरूले निरीक्षण समेत गरेको देखिन्छ, तर आपूर्ति गरिएका साइकल जम्मा १,२०० थान मात्र उक्त निरीक्षण प्रतिवेदन र संझौता बमोजिमका भएका र ठूलो संख्याको १६,०३८ साइकल आपूर्ति चाहीं बिना ब्राण्डका गरिएको देखिन्छ, त्यसैलाई संझौताका प्रथम पक्ष समेत रहेका प्रतिवादीले स्वीकार गरेको पाइन्छ, त्यसरी संझौता र Pre-shipment inspection का क्रममा निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिमका साइकल आपूर्ति भए नभएको चेक जाँच गर्ने दायित्व समेत निजै प्रतिवादीहरुको रहेकोमा विवाद हुन सक्तैन, आपूर्तिकर्ताले संझौता बमोजिमका साइकलहरु उपलब्ध गराएको छ वा छैन भन्ने विषयमा यी प्रतिवादीहरुले आयोजनाको अनुगमन, सुपरिवेक्षण लगायतका दायित्व पुरा गर्नु पर्ने समेत जिम्मेवारी निजै उपर रहेकोमा पनि विवाद छैन, तर निज प्रतिवादीहरुले सो दायित्व र जिम्मेवारी गम्भीरताकासाथ पुरा गरेको देखिंदैन, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६ अनुसार सार्वजनिक खरिद गर्ने प्रयोजनका लागि खरिद महाशाखा, शाखा वा ईकाई स्थापना गरी खरिद प्रकृया अघि बढाउनुपर्ने व्यवस्था रहेको पाइन्छ, प्रस्तुत खरिद कार्यमा उक्त बमोजिमको प्रकृया अवलम्बन गरेको समेत देखिदैन, माथि उल्लेख गरिए झैं आपूर्तिकर्ताले संझौता | शाखामा कार्यरत पदाधिकारीहरुका काम, कर्तव्य र जिम्मेवारी हेर्दा, खरिद गरिने सेवा सामानको खरिद प्रक्रिया मिलाउने, आपूर्ति हुने सामान सबै प्राप्त गर्ने र आपूर्ति गरेका सामान तोकिएको वा Specification बमोजिमको सवै वस्तु हो होईन यकिन गरी सामान जिम्मा लिई सहि र ठिक सामानको विल भर्पाई सवुद प्रमाण सहित सम्बन्धित प्राविधिकको जाँच पड्ताल भई प्राप्त सामान दुरुस्त /ठिक सामान भएको Certificate चाहिने भए सो समेत साथै प्राप्त गरी नियमानुसार जिन्सी दाखिला प्रतिवेदन तयार गरी सामान प्राप्ती (ठेक्का) को कार्यलाई सही र उपयोगी ढंगले खपत गर्ने, आदेश वमोजिम वितरण प्रणाली कार्यमा सहयोग गर्ने सम्मको देखिन्छ, कार्यालय प्रमुखले केवल तोक आदेश भएको भरमा गुणस्तरहीन सामान स्वीकार गर्ने र नाउँ मात्रको दाखिला प्रतिवेदन तयार गर्ने जिम्मेवार विहीन जवाफ दिएर पदमा रहने कार्य गर्नु Job Describtion( कार्य बिबरण) अन्तर्गत को कार्य भन्न सकिदैन, प्रस्तुत मुद्दामा ईन्जिनियरबाट साईकलको गुणस्तरको जाँच पडताल नभएको, ब्राण्ड विहिन (Brandless) साईकललाई जिन्सी दाखिला गर्ने दाखिला प्रतिवेदन बनाउने प्रतिवादीहरु रामस्वार्थ महतो र जित मोहन कुमार दासको कार्य बदनियत पूर्ण देखिन्छ, सोही गलत कार्य भएकोले नै प्रदेश नं २ सरकारलाई नोक्सानी गर्ने तवरबाट गुणस्तरहीन साईकल खरिदमा संलग्न सहअभियुक्तको भूमिकामा रहेका यी दुवै भण्डारण शाखाका कर्मचारीहरुको वदनियत भनेकै कानून वमोजिम जिम्मेवारीको कार्य सम्पादन नगरी गुणस्तरहीन साईकलको पनि गैरकानूनी लाभ र स्वार्थमा परी स्पेसिफिकेशनमा तोकिएको मापदण्डको साईकल सरह मानी जिन्सी दाखिला प्रतिवेदन तयार गर्नु वदनियत भएको स्वतः प्रष्ट भएको देखिएको, आफनो कार्य अधिकार नभएका तत्कालीन जलस्रोत तथा सिंचाई विकास विभाग, जनकपुरधाम, धनुषाका प्रमुख सि.डि.ई भगवान झाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसूर गरेको स्पष्ट देखिएको छ, निज भगवान झाले आफूलाई मौखिक आदेश मात्र दिई टेण्डर सम्बन्धी कार्य गर्न खटाएको सम्म हो भनि वयानमा खुलाई दिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | भन्दा फरक ब्राण्डको साइकल उपलब्ध गराउन आवश्यकता उल्लेख गरी निवेदन कार्यालयमा दर्ता गरेको भनिएकोमा सो पश्चात कानून बमोजिम दुबै पक्षको सहमतिमा सोको निकासा दिनु पर्ने दायित्व पनि संझौताका प्रथम पक्ष प्रतिवादीहरुमा रहेकोमा सो भए गरेको पनि देखिन आँउदैन, अतः यसबाट सप्लार्यसले जे जस्तो ब्राण्डका साइकल आपूर्ति गरेको भएपनि निज प्रतिवादीले मौन स्वीकृति दिएको भन्ने देखिन्छ, यदि मौन स्वीकृत नदिएको भए आपूर्तिकर्ताले अम्बीका ब्राण्डभन्दा फरक रहेको ठुलो संख्याको १६,०३८ थान लेडिज साइकल उपलब्ध गराउँदा समयमा नै अनुगमन तथा रोकछेक गर्नु पर्नेमा सो गरेको मिसिलबाट देखिएन, यस्तो कार्यलाई मान्यता दिइनु प्रतिवादीहरुको बदनियतपूर्ण मनसाय नै हो भन्ने पुष्टि भएको।<br><br>च) निज प्रतिवादी प्रदेश सचिव याम प्रसाद भुसालको उक्त परियोजनाको सम्पूर्ण जिम्मेवारी निजमा नै रहेको देखिन्छ, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११५ को उपनियम (२) अनुसार राजपत्रांकित प्रथम श्रेणीको कार्यालय प्रमुखले प्रयोग गर्ने आर्थिक अधिकार प्रयोग गरी कार्यालयको आर्थिक प्रशासन संचालन गर्ने, कार्यालयको आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने, कार्यालय र अन्तर्गत रहेका आयोजना एंव कार्यक्रम व्यवस्थापन गर्ने, मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रम अन्तर्गतका योजनाहरुको कार्यान्वयन गर्ने गराउने भन्ने समेत ब्यहोराको अधिकार प्रत्यायोजन एवं कार्य जिम्मेवारी प्रमुख सचिवबाट लिखित रुपमा नै पाइसकेपछि मितव्ययिता, गुणस्तरीयता र संझौताका शर्त अनुरुप हुने गरी निर्णय कार्यान्वयन गर्नु यी प्रतिवादीको परम कर्तव्य हुन आउँछ, प्रतिवादीले अख्तियारी पाएको आधारमा नै निजले साइकलको भुक्तानी खर्च लेखेको देखिन्छ, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम निरीक्षण तथा परीक्षण गर्ने दायित्व निजै उपर रहेको देखिन्छ तर आपूर्ति गरिएका साइकलको निजले उक्त नियम ११५ बमोजिम निरीक्षण तथा परीक्षण नै नगरी जानाजान सझौता विपरित उपलब्ध गराइएका फरक ब्राण्डका १६,०३८ थान लेडिज साइकल स्वीकार गरी भुक्तानी गरेको देखिन्छ, निज प्रतिवादीबाट विल भुक्तानीको सिलसिलामा समेत ब्राण्ड कस्तो | पाईन्छ, प्रतिवादी भगबान झाले निज आफूलाई काज सरुवा गरी जिम्मेवारी नदिईएको भन्ने कागजात देखाउन सकेको पाईदैन, तथापी निज मुख्यमन्त्रीको कार्यालयमा रही मिति २०७७/०८/२४ मा ठेक्का सम्झौता समेतको कार्य गरेको हुँदा ऐ. ऐनको दफा १५ मा ब्यबस्था भए बमोजिम नपाएको ओहदा पाएँ भन्नेलाई सजाय हुने कानून अनुसार निज प्रतिवादीलाई सजाय हुन मागदाबी लिईएको अबस्थामा निज प्रतिवादीले अन्यथा लिखित अधिकार प्रत्यायोजन र खटाएको पत्र देखाउन नसकेको अवस्थामा निज प्रतिवादीले ऐ. ऐनको दफा १५ को कसूर गरेको सबूद प्रमाणबाट प्रमाणित भएको स्थितिमा कसूर अपराध प्रमाणद्वारा पुष्टि नभएको भन्ने विशेष अदालतको मिति २०८०/१०/११ को फैसला सो हद सम्म त्रुटिपूर्ण रहेकोले सो त्रुटिपूर्ण फैसला वदरभागी रहेको।<br><br>फ) प्रस्तुत मुद्दाका सम्बन्धमा अनधिकृत रुपमा ठेक्काको काम गर्दै अधिकार विना ठेक्का सम्झौता गरी सि.डि.ई. भगवान झाले अवैध तवरले ठेक्का सम्झौता गरेको एकातिर देखिन्छ भने सोही ठेक्कामा गुणस्तरहीन सामान –साईकल ल्याउने सप्लायर्सलाई भुक्तानी गर्न तोक लगाउने र भुक्तानी गर्ने कार्य स्वयं सह-सचिव तथा प्रदेश सचिव निज प्रतिवादी याम प्रसाद भुसालले गरेको देखिन्छ, ठेक्काको टेण्डरमा रहेको Specification अनुसारको साईकल र विल नभएको र सार्वजनिक खरिद ऐन, २०६३,एवं नियमावली, २०६४ वमोजिमको विधि नपु-र्याएको देख्दा देख्दै भुक्तानी दिने सह-लेखापाल राजाराम मण्डल,जिन्सी भण्डारण शाखाका प्रमुख भई नक्कली गुणस्तरहीन साईकललाई सम्झौताको शर्त वमोजिमका साईकल रहेको भनी दाखिला प्रतिवेदन जाँच गर्ने कार्यमा संलग्न अधिकृत छैठौ रामस्वार्थ महतो र सोही भण्डारण शाखाका खरिदार जित मोहन कुमार दासको संलग्नतामा तोकिएको अम्बिका साईकल बाहेकको गुणस्तरहीन, Brand नभएका Ladies Bicycle स्वीकार गरी प्रदेश सरकारलाई हानी नोक्सानी पुऱ्याउने काम भएको प्रष्ट देखिन्छ, यस कार्यमा निज प्रतिवादीहरुले आ-आफ्नो तर्फवाट वदनियतपूर्ण कार्य सम्पादन गरेको पाईंदा सोही |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | थियो भनी हेर्न सकिनेमा सो हेरिएको पाइदैन, तसर्थ निज प्रतिवादीले आरोप दाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ ( १ ) (ज) को कसुर गरेको देखिन आउँछ, तर यी प्रतिवादी याम प्रसाद भुसाल आफैले गलत लिखत तयार पारेको भन्ने मिसिल प्रमाणबाट पुष्टि हुन नआएकोले ऐ. दफा ९ को आरोप दावी पुग्न सक्ने अवस्था देखिएन, प्रतिवादी सि.डि.ई भगवान झाको हकमा हेर्दा संझौतामा उल्लेख भएको ब्राण्डको साइकल आपूर्तिकर्ताबाट उपलब्ध नभएकोमा समेत संझौता बमोजिमको साइकल प्राप्त भएको भनी भुक्तानीको लागि टिप्पणी पेस गरेको देखिन्छ, आफूसमेत भै Pre-shipment inspection मा भारतको लुधियाना पुगी प्रतिवेदनको एक सक्रिय सदस्यको रुपमा रहेका निज प्रतिवादीले जानाजान टिप्पणीमा उल्लेख गरेको त्यस्तो ब्यहोरा नै झुट्टा र बदनियतपूर्ण देखिन्छ, आपूर्तिकर्तालाई यी प्रतिवादीले सिफारिस गरेको सोही टिप्पणी ब्यहोराको आधारमा भुक्तानी भएको देखिन्छ, तसर्थ निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ज) को कसुर गरेको देखिन आयो, तर निज प्रतिवादीले विना अख्तियारी उक्त परियोजनामा संझौता गरेको भन्ने आरोप दावी लिए तापनि संझौताका दुबै पक्षले सो संझौतामा विवाद गरेको नदेखिंदा निज प्रतिवादीलाई लगाइएको ऐ. ऐनको दफा १५ को आरोपदाबी पुग्न सक्ने देखिएन, बिगोको हकमा अभियोजन पक्षबाट मागदाबी गर्दा खरिद भै वितरण गरिएका पुरै साइकलको बिगो कायम गरी प्रस्तुत मुद्धा दायर भएको पाइन्छ, तर संझौतामा उल्लेख भए अनुरुपको ब्राण्डका साइकल आपूर्ति नभए पनि संझौतामा उल्लिखित संख्या बमोजिम नै साइकल खरिद गरी वितरण समेत गरेको भन्ने तथ्यमा विवाद देखिदैन, कमसल गुणस्तर र फरक ब्राण्डका साइकल आपूर्ति भएकोमा विवाद नभए पनि अनुसन्धान र अभियोजन पक्षबाट के कति मूल्य फरक पर्न गएको छ सो तर्फ यथार्थ मूल्यांकन गरी बिगो कायम गर्नु पर्नेमा सो केही गरेको देखिदैन, पुरै खरिदलाई शून्यकरण गरी पुरै बिगो मागदाबी गरिएबाट यस इजलासलाई प्रति साइकल मूल्य नखुलेको स्थितिमा यकिन रुपमा बिगो कायम गर्न संभव स्थिति देखिन आएन, स्वयं आपूर्तिकर्ताले समेत १६,०३८ | गलत, गैरकानूनी कार्य सम्पादनद्धारा नै भ्रष्टाचारको वदनियत सहित कार्य गरेको भन्ने तथ्यगत रुपमा माथी उल्लेखित वुंदाहरूबाट प्रमाणित भएको छ, यस्तो भ्रष्टाचारजन्य कसूर भएको पुष्टि भएको अवस्थामा पनि निज प्रतिवादीहरुलाई अभियोग दावी वमोजिम कसूरदार एवं सजाय नठहऱ्याई भएको सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।<br><br>ब) साईकल आपूर्तीका विवरणहरुमा विभिन्न ८ लटमा जम्मा १७,२३८ थान साइकल आपूर्ति भएकोमा प्रत्येक लटमा प्राप्त साइकलको स्वीकृत स्पेसिफिकेशन बमोजिम रहे-नरहेको बारे सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ को उपनियम (४) बमोजिम निरीक्षण, जाँच नै नगरी भण्डार दाखिला गरेको देखिन्छ, जम्मा एक थान साइकलको मात्र परीक्षण प्रतिवेदन (Inspection Report) तयार गरेको पाइन्छ, उक्त प्रतिवेदनमा अम्विका व्राण्ड उल्लेख गरेको देखिएको तर उक्त प्रतिवेदन समेत अम्बिका साइकल आपूर्ति गर्नु भन्दा अगाडि नै तयार गरेको हुँदा उक्त प्रतिवेदन समेत गलत रहेको पाईन्छ, मिति २०७८।०१।१४ (तदनुसार २७।०४।२०२१) गते ६०० थान र मिति २०७८।०१।२२(तदनुसार ०५।०५।२०२१) गते ६०० थान गरी जम्मा १,२०० थान मात्र अम्विका कम्पनी/व्राण्डको साइकल नेपाल भित्र्याईएको भन्सार विभागबाट प्राप्त प्रज्ञापनपत्रको विवरणबाट देखिन्छ तर सो भन्दा अगाडि नै मिति २०७७।१२।३० गते प्राविधिक प्रतिवेदन तयार भएको पाईंदा प्रतिवादी यामप्रसाद भुसाल समेतले जानिजानी गुणस्तरहीन, अम्बिका ब्राण्ड नभएकालाई पनि गुणस्तरको साईकल भए सरहको कागजात बनाई बनाउन लगाई ठेक्काको बिल स्वीकार गरेको हुँदा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९ बमोजिम गलत लिखत तयार गर्ने राष्ट्र सेवकलाई हुने सजाय अन्तर्गतको दाबी लिएको अवस्था हुनाले सो जिकिर स्वभाविक र कानून सम्मत भएको तथा यसमा आरोपदाबीहरू मिसिल संलग्न कागजात एवं सबूद प्रमाणबाट पुष्टि हुने हुँदा तत्-तत् सम्बन्धी दावी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | थान साइकल संझौता बिपरीतको उत्पादन र फरक खालका लेडिज साइकल एवम् १२०० थान मात्र संझौता अनुरुपको अम्बीका ब्राण्डको उपलब्ध गराएको तथ्य समेत स्वीकार गरेको देखिन्छ, तर फरक ब्राण्डको भएपनि संझौता गरिएको ब्राण्ड भन्दा महंगो र अझ बढी गुणस्तरीय साइकल आपूर्ति गरिएको हो भन्ने आपूर्तिकर्ताको भनाइ भने विश्वासनीय देखिन आउँदैन, संझौताको पहिलो पक्षले साइकल बुझिलिइ वितरण समेत गरिसकेको यस परिप्रेक्ष्यमा आपूर्ति भएको ठूलो संख्या १६,०३८ थान लेडिज साइकललाई मूल्यहिन मानी सो को कुनै मूल्य नै नराखु न्यायोचित देखिएन,यसरी अनुसन्धानकर्ताले आपूर्ति भए गरेका साइकल के कति मूल्य पर्ने हो भन्ने कुरा नै यकीन नगरी प्रतिवादीहरु उपर पूरै बिगो कायम गरी मागदाबी गर्नु न्यायोचित देखिन आएन, अतः अभियोजन पक्षबाट वास्तविक हानि नोक्सानीको विगो यकिन गर्न नसकेको स्थितिमा यकिन नै नभएको बिगो असुल गर्नु पर्ने भनी अदालतबाट बिगो कायम गर्न मिल्ने देखिएन, प्रतिवादीहरु सहलेखापाल राजाराम मण्डल, (अधिकृत छैटौं) राम स्वार्थ महतो र खरिदार जितमोहन कुमार दासले गरेको कार्य प्रकृति हेर्दा, अधिकारप्राप्त अधिकारीबाट भएको निर्णय कार्यान्वयनसम्म गरेको देखिएको र निज प्रतिवादीहरु निर्णय गर्ने भूमिकामा रहेको नदेखिंदा निजहरुको हकमा आरोपित कसुर प्रमाणबाट पुष्टि हुन नआएकोले आरोपदाबीबाट सफाई पाउने ठहर्छ, प्रतिवादी श्री ओम सत्य साई प्रा.लि र सो प्रा.लि.का प्रबन्ध निर्देशक रेनु अग्रवालको हकमा निजले आपूर्ति गरेको साइकलको मूल्य र वास्तविक हानि नोक्सानीको बिगो अभियोजन पक्षबाट खुलाएको नदेखिएको तथा संझौता अनुरुपको ब्राण्डका साइकल कोभिडको कारण आपूर्ति गर्न नसक्ने भएकोले अन्य प्रकारको साइकल आपूर्तिका लागि मन्त्रालय समक्ष अनुरोध समेत लेखि पठाएको स्थितिमा निजबाट आपूर्ति भएका साइकल खरिदकर्ता प्रथम पक्षले स्वीकार गरी त्यसमा खरिदकर्ता पक्षले प्रश्न नउठाएको स्थितिमा आरोप दाबी बमोजिम बिगो कायम गरी बिगो जफत गर्न मिल्ने नदेखिंदा निज प्रतिवादीले सो आरोपदाबीबाट सफाई पाउने ठहर्छ, निज प्रतिवादी प्रदेश सचिव याम प्रसाद भुसालको हकमा हेर्दा, निज प्रतिवादीलाई | नपुग्ने भन्ने विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेको ।<br><br>भ) यसरी प्रतिवादी भगवान झाले अभियोग मागदावीको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१)(ज) को कसूर गरेको ठहर्‍याई सकेपछि विगो रु.१०,३३,००,७५८/- (measurement) द्वारा के कति मूल्यमा फरक पर्ने हो सो कुराको तुलनात्मक तालिका देखाई सो अनुसारको हुने फरक मूल्याङ्कन यकिन गरी दावी पेश नभएको भन्ने कथित आत्मनिष्ठ कारण जनाई विगो कायम नभएको जस्तो काल्पनिक,असंगत व्याख्या गरी केवल तीन महिना कैद र रु.१०,०००।– जरिवाना हुने ठहर भई विगो तर्फको आरोपदावी नपुग्ने र ऐ. ऐनको दफा १५ को आरोपदावी समेत नपुग्ने भनी गरेको फैसला त्रुटिपूर्ण रहेको हुनाले दावी नपुग्ने भनी भएको फैसला सो हदमा बदरभागी रहेकोले सो बदरगरी अभियोग मागदावी वमोजिम निज प्रतिवादी भगवान झा समेतलाई आरोपपत्र मागदावी वमोजिमको कसूर ठहर गरी सजाय हुनु पर्ने र विगो ठहर गरिनु पर्ने देखिएको, साथै अर्का प्रतिवादी याम प्रसाद भुसालले अभियोग मागदावीको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ज) को कसूर गरेको ठहर भएपछि विगो रु.१०,३३,००,७५८/- खुलि रहेको अवस्थामा समेत साईकलमा देखा परेको गुणस्तरहीनको माप (measurement) द्वारा के कति मूल्यमा फरक पर्ने हो सो कुराको तुलनात्मक तालिका देखाई सो अनुसारको हुने फरक मूल्याङ्कन यकिन गरी दावी पेश नभएको भन्ने कारण जनाई विगो कायम नभएको भन्ने व्याख्या गरी केवल तीन महिना कैद र रु.१०,०००।– जरिवाना हुने ठहर भई विगो तर्फको आरोपदावी नपुग्ने र ऐ. ऐनको दफा ९ को आरोपदावी समेत नपुग्ने भनी गरेको फैसला त्रुटिपूर्ण रहेको हुँदा दावी नपुग्ने भनी भएको फैसलाको हदमा बदर गरी अभियोग मागदावी वमोजिम निज प्रतिवादीहरु याम प्रसाद भुषाल समेतलाई भ्रष्टाचार कसूरमा आरोपपत्र दावी वमोजिम नै कसूर ठहर गरी सजाय तथा विगो असूल उपर हुनु पर्नेमा सो नगरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी रहेको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रदेशका प्रमुख सचिवले प्रत्यायोजन गरेको अधिकार अन्तर्गत साइकल खरिद सम्बन्धी सम्पूर्ण जिम्मेवारी निजमा रहेको देखिंदा तहगत रुपमा निज समक्ष पेस गरेको प्रतिवेदन स्वीकृत गरी भुक्तानी खर्च लेखेको, खरिद हुनुपूर्व भारतको लुधियानासम्म गई आफैले Pre-shipment inspection तथा अवलोकन गरी पेस गरेको प्रतिवेदन बमोजिम आपूर्तिकर्ताबाट साइकल प्राप्त भएपछि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम निरीक्षण तथा परीक्षण गर्ने दायित्व निजै उपर रहेकोमा सोसमेत नगरी संझौता विपरित सम्झौतामा उल्लेख नभएका ब्राण्डका साईकल स्वीकार गरी भुक्तानी गरेको समेत देखिन आएकोले निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१)(ज) को कसुर गरेको देखियो, तर अभियोजनकर्ताबाट वास्तविक हानी नोक्सानीको बिगो खुलाई दावी गरेको अवस्था नदेखिंदा निज प्रतिवादी याम प्रसाद भुसाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम ३ (तीन) महिना कैद र रु१०,०००/- (दश हजार) जरिवाना हुने ठहर्छ, दावीको विगोको हकमा खरिद भएका साइकल र सम्झौतामा उल्लिखत ब्राण्डका साइकलको तुलनात्मक मूल्य नै नखुलाई आरोप दावी गरेको देखिंदा हानी नोक्सानीको यथार्थ विगो यकिन गर्न नसकिएको स्थितिमा विगो तर्फको आरोप दावी पुग्न सक्तैन, निज प्रतिवादीले उक्त ऐनको दफा ९ बमोजिमको कसुर गरेको प्रमाणबाट पुष्टि हुन नआएकोले उक्त दफा ९ को आरोप दाबीसमेत पुग्न सक्दैन, प्रतिवादी सि.डि.ई भगवान झाको हकमा साइकल खरिद सम्बन्धी प्रक्रियामा आफू समेत गई भारतको लुधियाना स्थित अम्बिका साइकल मेनुफेक्चरमा Pre-shipment inspection तथा अवलोकन भ्रमण गरी पेस गरेको प्रतिवेदन बमोजिम संझौतामा उल्लेख भएको ब्राण्डको साइकल आपूर्तिकर्ताबाट प्राप्त नभएको स्थितिमा समेत संझौता बमोजिमको साइकल प्राप्त भएको भनी भुक्तानीको लागि टिप्पणी पेस गरी सोही टिप्पणीको आधारमा भुक्तानी भएको देखिन्छ। तसर्थ निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१)(ज) को कसुर गरेको देखियो, तर अभियोजनकर्ताबाट ब्राण्ड नखुलेको साइकलको मूल्य नखुलाई आरोपपत्र पेस गरेको र वास्तविक हानिनोक्सानीको विगो | प्रतिवादीहरु सह-लेखापाल राजाराम मण्डल, अधिकृत छैठौं राम स्वार्थ महतो र खरिदार जित मोहन कुमार दासले आ-आफ्नो गर्नुपर्ने कर्तव्य पुरा नगरी गुणस्तरहीन Ladies साईकललाई सम्झौता र स्पेसिफिकेशन वमोजिमको साईकल, तोकिएको मापदण्डको Ladies cycle खरिद गरी "बेटि बचाउ,बेटि पढाउ" नीति अन्तर्गतको कार्यक्रम वितरीत साईकल गुणस्तरहीन हुन् भन्ने जानिजानी त्यस्तो साईकल खरिद गर्न मिलेमतो गर्ने निज भण्डारण शाखाका दुवै पदाधिकारीहरु कसूरदार भएको पर्याप्त प्रमाण हुँदा हुँदै निजहरुको भूमिका नभएको र बदनियत नभएको उल्लेख गरी कसूर अपराधबाट उन्मुक्ति दिई आरोपदावीबाट सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएको, प्रतिवादी मध्येका आपूर्तिकर्ता/ठेकेदार रेनु अग्रवाल स्वयमले आफूले आफनो फर्मका तर्फवाट १,२०० वटा मात्र तोकिएको अम्बिका ब्राण्डका साईकल आपूर्ति गराएको र वाँकी १६,०३८ थान साईकल अन्य कम्पनीका साईकल आपूर्ति गरेको भनी अदालतमा समेत स्वीकारोक्ती वयान रहेको पाईन्छ, सोही ब्यहोरा ईंगित गर्दै Specification वमोजिमको सामान (साईकल) आपूर्ति नभएको भन्ने प्राबिधिकको प्रतिवेदन खुलेको देखिन्छ, यस स्थितिमा पनि ठेक्का सम्झौता वमोजिम कार्य भएको देखाई दाबी गरी आपूर्तीकर्ताले सरकारी कोषको रकम भुक्तानी लिई प्रदेश नं २ को सरकारलाई नोक्सानी गरेको पाईंदा पाईंदै पनि नोक्सानी गरेको विगो नखुलेको र गुणस्तरहीन साईकल पहिलो पक्ष (प्रतिवादीहरू)बाट स्वीकार गरेको,ती साईकलको गुणस्तरमा कुनै प्रश्न नगरेको समेत कारण देखाई निज आपूर्तीकर्तालाई आरोपित कसूर नठहर्ने भई सफाई पाउने भनी भएको सम्मानित विशेष अदालतको फैसला मिसिल संलग्न कागजात प्रमाणको उचित मूल्याङ्कन नभएकाले सो हदसम्म बदरभागी रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कायम गरी आरोप दाबी लिन सकेको नदेखिंदा निज प्रतिवादी भगवान झालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम ३ (तीन) महिना कैद र रु.१०,०००/- (दश हजार) जरिवाना हुने ठहर्छ, दावीको बिगोको हकमा खरिद भएका साइकल र सम्झौतामा उल्लिखित ब्राण्डका साइकलको तुलनात्मक मूल्य नै नखुलाई आरोप दावी गरेको देखिंदा हानी नोक्सानीको यथार्थ बिगो यकिन गर्न नसकिएको स्थितिमा बिगो तर्फको आरोप दावी पुग्न सक्तैन, निज प्रतिवादीले उक्त ऐनको दफा १५ को कसुर गरेको प्रमाणबाट पुष्टि हुन नआएकोले सो दफा १५ को आरोप दाबी पुग्न नसक्ने। | |